# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# गुलरिया नगरपालिका, बर्दिया




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )**

पत्र संख्या:२०७६/७७
च.नं : १११

मिति: २०७७/३/२९

श्री  नगर प्रमूखज्यू,
गुलरिया नगरपालिका,बर्दिया ।

**विषय:  लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal

**(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

**प्रदेश न.५,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश**

पत्र संख्या:०७६।७७
च.नं: १११

मिति: २०७७।३।२९

**विषय: लेखापरीक्षण प्रतिवेदन**

श्री नगर प्रमूखज्यू,
गुलरिया नगरपालिका,बर्दिया ।

**कैफियत सहितको राय**

हामीले **गुलरिया नगरपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.८ करोड ६७ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६० लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ७९ लाख २० हजार र पेश्की रु.१ करोड २७ लाख ९० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( ४०) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम

गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# गुलरिया नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः–**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना २०५३ सालमा भएकोमा तत्कालिन गुलरिया,मथुराहदरबार,मोहम्मदपुर र खैरापुर गा.वि.स.लाई मिलाएर २०७३ सालमा कार्यक्षेत्र वृद्धि भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १२वडा रहेको,६६सभा सदस्य, ११८.२१व.की.मी. क्षेत्रफल, ६६६७९जनसंख्या, ५ न.प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :–

| सि.न | आयतर्फ | | | सि.न | व्यायतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **जम्मा रकम** | | **विवरण** | **रकम** | **जम्मा रकम** |
| १ | गतवर्षको जिम्मेवारी | | **७,६०,६८,८७०।६३** | १ | चालु खर्च | | **४६,७९,७३,८६८।१३** |
| | क) नगद | | | २ | पुँजीगत खर्च | | **२५,१६,९१,८७८।३५** |
| | ख) बैंक | ७,६०,६८,८७०।६३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | ०।०० |
| २ | राजस्व | | **१४,६०,८४,२४९।१४** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३,८७,१२,५५२।४६ | | | ख) सावा भुक्तानी | | |
| | ख) राजस्व बाडफाँड | | | | ग) व्याज भुक्तानी | | |
| | अ) संघीय सरकार | ८,९८,५८,७९१।२८ | | | घ) अन्य भुक्तानी | | |
| | आ) प्रदेश सरकार | ५७,८२,५१९।४० | | ४ | लगानी | | ०।०० |
| | इ) मालपोतवाट | १,१७,३०,३८६।०० | | | ऋण लगानी | | |
| | ग) अन्य राजस्व | ०।०० | | | सेयर लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण( संघीय सरकार) | | **५६,९३,९३,२१०।००** | | अन्य लगानी | | |
| | क) समानीकरण अनुदान | १८,१९,००,०००।०० | | ५ | धरौटी फिर्ता | | **२७,२३,६८८।००** |
| | ख) सशर्त अनुदान | २४,५७,४४,०००।०० | | ६ | कोष खर्च | | **५६,४६,८१९।८२** |
| | ग) समपुरक अनुदान | ०।०० | | ७ | मौज्दात | | **७,०४,०३,५१४।४९** |
| | घ) विशेष अनुदान | ०।०० | | | क) नगद मौज्दात | ०।०० | |
| | ग) को.ले.नि.का वाट निकासा | १३,६२,८८,०००।०० | | | ख) बैंक मौज्दात | १२,८२,७६,०३८।६५ | |
| | ३) सडक वोर्ड | ५४,६१,२१०।०० | | | ग) साट्न वाँकी चेक | ३,६७,२३,४०३।३६ | |
| ४ | वित्तिय हस्तान्तरण( प्रदेश सरकार) | | **१,७८,४९,०००।००** | | घ) को.ले.नि.का फिर्ता | २,११,४९,१२०।८० | **२,११,४९,१२०।८०** |
| | क) समानीकरण अनुदान | ५२,६४,०००।०० | | ८ | धरौटी मौज्दात | | **१,१३,८१,१४९।६६** |
| | ख) सशर्त अनुदान | ७५,००,०००।०० | | ९ | कोष मौज्दात | | **१,८६,९४,०७०।४९** |
| | ग) समपुरक अनुदान | ४९,५०,०००।०० | | | | | |
| | घ) विशेष अनुदान | ०।०० | | | | | |
| | ङ) अन्य | १,३५,०००।०० | | | | | |
| ५ | अन्तरस्थानीय तहवाट प्राप्त | | ०।०० | | | | |
| ६ | वित्तिय व्यवस्था प्राप्ति | | ०।०० | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) सावा प्राप्ति | | | | | | |
| | ग) व्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | | **२,४३,४०,८९०।३१** | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) गत वर्षको जिम्मेवारी | १,६९,८४,१६७।३१ | | | | | |
| | ख) यस वर्षको प्राप्ति | ७३,५६,७२३।०० | | | | | |
| ८ | जनसहभागिता (नगद) | | ५,८०,०००।०० | | | | |
| ९ | विषयगत निकायवाट प्राप्त रकम (जि.स.स) | | १२,४३,०५२।०० | | | | |
| १० | धरौटी आय | | १,४१,०४,८३७।६६ | | | | |
| | क) गत वर्षको जिम्मेवारी | ८०,२८,७२७।६६ | | | | | |
| | ख) यस वर्षको प्राप्ति | ६०,७६,११०।०० | | | | | |
| ११ | लगानीको सावा फिर्ता | | ०।०० | | | | |
| १२ | अन्य विविध आय | | ०।०० | | | | |
| | **जम्मा** | | ८४,९६,६४,१०९।७४ | | **जम्मा** | | ८४,९६,६४,१०९।७४ |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । २०७५।३।१० गते नगर सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा २०७५।३।२२ पारित गरेको देखियो । ऐनमा व्यवस्था भएको समय सीमा भित्र निर्दिष्ट ढाँचामा पारित गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यान्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालनः** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देखिएन । <br><br> • **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन । <br><br> • **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । <br><br> • **स्पेशिफिकेशन र मूल्य नखुलाएको:** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ । <br><br> • **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ्ग आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन । <br><br> • **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ । <br><br> • **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।यसैगरी अगिम कर कटटी र मु.अ.कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजश्व कार्यालयलाई दिएको छैन । <br><br> • **ठेक्का,**सम्झौता,करारको भुक्तानी गर्दा ५० प्रतिशत मु.अ.कर निज ठेकेदार आपुर्तीकर्ताको नामबाट सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्ने कार्य पुर्णरुपमा कार्यान्वयनमा ल्याएको देखिएन । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ● **कार्यक्रम वाइज खर्च खाताः** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खचं भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।<br>● **मर्मत अभिलेखः** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन ।<br>● **लगबुकः**इन्धन खर्च लेखेको**मा** सवारी साधनको लगबुक अद्यावद्यीक गरेको छैन ।<br>● **खरिद योजना**ः खरिद योजना बनाई कार्यान्वयन नगरेको । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा,वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा  मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सीमा निर्धारण तथा प्राथमिकिकरणको सन्तुलित विवरणको खाका पेश गरेको देखिएन । आयको प्रक्षेपण समूचित ढंगले गरेको छैन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समिति गठन नगरेकाले दोहोरोपना नभएको, तादात्म्यता र परिपुरकता मिलेको यकिन गर्ने अवस्था छैन । | |
| ५. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयनमा ल्याएको देखिएन । | |
| ६. | **योजनामा रु. ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । नगरपालिकाबाट यस वर्ष सञ्चालित रु. ५ लाख भन्दा कम विनियोजन भएका योजनाको सुचि माग गरेकोमा पेश भएन । नगरपालिकाले निर्देशिका विपरित रु.५लाख भन्दा कमका विभिन्न आयोजनामा  बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता आयोजना धेरैजसो वितरण मूखी र अनुत्पादक रहेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन र नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । नगरपालिकाले सुचना प्रविधिमा आधारित बस्तुगत विवरण तयार गर्न रु.१५९९१२०/– SDICप्रा.लि.लाई भुक्तानी गरेकोमा उपयोगमा नल्याएकोले थप व्ययभार परेको देखियो । | |
| ९. | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरपालिका क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाइ, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । डम्पिंग साईड  निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगती पेश भएन । | |
| १०. | **सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाँभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने भएकाले विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने  देखिन्छ । | |
| ११. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । चौमासिक प्रगति विवरण तयार गरि लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कार्यक्रम/ योजना | यो वर्ष कुल कार्य क्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| मूल कार्यक्रम सङ्ख्या | ९० | ० | ० | ० | ९० |
| सहायक कार्यक्रम सङ्ख्या | ५९९ | ३४ | ० | ० | ५६५ |

१२. **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई उपलव्ध गराइएको तोकिएको ढांचानुसारको अनुसुचि माग गरेकोमा सो सम्बन्धि अनुसुचिअनुसार ४८.८४ प्रतिशत खर्च आषाढ महिनामा गरेकोले चौमासिक कार्य लक्ष्य बमोजिम कार्य भएको छैन ।

(रु.हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| पुजिगत | १९,३४,९२ | ५,३५,०५ | ४,३४,६१ | ९,६५,२५ | ६,९३,६७ |

१३. बैक मौज्दात –बर्षान्तमा बैक सर्टिफिकेटनुसार बैक मौज्दात रु.१२,८२,७६,०३८।६५देखिन्छ । कार्यालयले बैक हिसाब मिलान विवरण तयार गरेको छैन । कार्यालयले पेश गरेको एकिकृत आय विवरणमा वर्षान्तमा यस वर्ष चेक साटन बाकी रु.३,६७,२३,४०३।६६ देखाएकोमा सो को पुष्टयाई पेश भएन । यसर्थ श्रेस्तानुसारको बैक मौज्दात रु.७,०४,०३,५१४।४९ यकिन गर्न सकिएन ।

१४. **सशर्त अनुदान**- आर्थिक कार्य विधि नियमावलि २०६४ को नियम ३३ मा खर्च गर्न बाकी रहेको रकम आषाढ मसान्तभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय र प्रदेश सरकार लगायतबाट प्राप्त भएको शशर्त अनुदान र संघिय सरकारको कार्यक्रमको आषाढ मसान्तसम्म खर्च हुन नसकेको बांकी देहायनुसार रु.२,११,४९,१२०।८० सम्बन्धित सञ्चित कोषमा समयमा फिर्ता नगरी २०७६।४।२२ मा फिर्ता भएको देखिन्छ ।

| शिर्षक | रकम |
|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम | ३७०४५३.६० |
| बहुक्षेत्रिय पोषण कार्यक्रम | ५४४९९५ |
| चुरे तराई मधेश संरक्षण कार्यक्रम | २४७३०७४ |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>गरिबसंग बिश्वेश्वर कार्यक्रम</td><td>४५६०</td></tr>
<tr><td>स्थानीय पुर्वाधार विकास साझेदारी</td><td>४७१०३७</td></tr>
<tr><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>३०२०४५५</td></tr>
<tr><td>संघिय सर्शत अनुदान(८०१३२९३)</td><td>१३२४२७१९.२०</td></tr>
<tr><td>प्रदेश सर्शत अनुदान</td><td>१०२१७२७</td></tr>
<tr><td>जम्मा</td><td>२,११,४९,०२०.८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.</td><td>उपभोक्ता समिति मार्फत कार्यः यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।</td><td></td></tr>
<tr><td></td><td>१)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । उपभोक्ता समितिको गठन विधि , आधार  उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>२)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।</td><td></td></tr>
<tr><td></td><td>३)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । | |
| | ४)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन । | |
| | ५)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने, नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । यस बर्ष ग्राभेल ,पि.सि.सि. र कच्ची सडक बाटो निर्माण भएकोमा जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्रयाक खोल्ने,बाटो स्तरोन्नति लगायतका ड्इङ्ग,डिजाइन बेगरका आयोजनाका लागत अनुमान बनाई माटो खन्ने,ग्राभेल गर्ने लगायतका कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको व्यवसायीको विल पेश नगरि साधारण लेनदेनको बिल भरपाईको आधारमा प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो ।मेशिन प्रयोगमा उपभोक्ता समितिले कोटेशन पनि लिएको देखिदैन । यसबाट प्रतिस्पर्धा नभई लागत बढ्ने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन ।यसर्थ नियमको परिपालना हुनुपर्दछ । | |
| | ६)स्थानीय तहको उपभोक्ता गठन सम्बन्धि कार्यविधि २०७४को दफा ११(५)मा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरी तयार भएको प्रतिवेदन(अनुसुचि ३)को आधारमा योजनाको भुक्तानी गर्नुपर्नेमा सो बमोजिम गरेको छैन ।कार्यविधिको पालना गर्नु पर्दछ । | |
| | ७)ढुंगा,गिटटी,बालुवाको रोयल्टी असुल नगरेको,ढुवानी भाडामा बहाल कर कटटा | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नगरेको,उपभोक्ता समितिले कानुनी रुपमा दर्ता भएको फर्मबाट ढुंगा,गिटटी,बालुवा खरिद गर्ने नगरेको ।</td><td></td></tr>
<tr><td>१६.</td><td>सार्वजनिक परिक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक परीक्षण गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्च को व्यवस्था गरेको छ । मिति २०७०/१/१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिनजेन्सी मध्ये ६०% चालु प्रकृतिको खर्च र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरणनुसार यो आर्थिक वर्षमा सञ्चालित योजनाबाट कन्टिनजेन्सी कटटा गरि रु.२३५५९६४/- खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकाले सिमाभित्र रहेको यकिन हुन सकेन । यस्तो खर्चको कार्यविधि बनाई खर्च गर्ने व्यवस्था गर्नुपर्ने, चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने खर्च मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>पदाधिकारी तथा सदस्यको सुविधा : नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभामा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । प्रदेश न.५का स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्बन्धी ऐन २०७५अनुसार २०७४ श्रावण देखि मासिक पारिश्रमिक सुबिधा पाउने व्यवस्था गरे बमोजिम यस वर्ष पदाधिकारीलाई ०७५ श्रावण देखि ०७६ आषाढको नगरपालिकाले प्रमुख/उपप्रमुख,वडा अध्यक्ष,कार्यपालिका सदस्य र सभासदस्य समेत ६३ जनाको पारिश्रमिक रु.९४६०८३७/- खर्च लेखेको देखियो ।</td><td></td></tr>
<tr><td>१९.</td><td>प्रदेश न.५का स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्बन्धी ऐन २०७५ मा प्रेस सल्लाहकार र कानुनी सल्लाहकार नियुक्त गरि खर्च लेख्ने व्यवस्था छैन । यस बर्ष देहायका कानुनी र प्रेस सल्लाहकार नियुक्ति गरि ऐन विपरित खर्च लेखेको रु.
<table>
<tr><td>नियुक्ती गरेको सल्लाहकारको नाम</td><td>रकम</td></tr>
<tr><td>कानुनी सल्लाहकार संजिव कर्ण</td><td>२४००००</td></tr>
<tr><td>प्रेस सल्लाहकार ज्योति पन्थी</td><td>१८००००</td></tr>
<tr><td>जम्मा</td><td>४२००००</td></tr>
</table></td><td>४२००००/-</td></tr>
<tr><td>२०.</td><td>बैठक भता :प्रदेश न.५ को स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५को अनुसुचि १ मा कार्यपालिका□ सभाको प्रति बैठक भत्ता रु.१०००/-का दरले हुने व्यवस्था छ ।नगरपालिकाका १२ वडाको वडास्तरीय बैठकको देहायनुसार रु.२५२००००/- बैठक भत्ता भुक्तानी दिएको पाइयो । अतः मासिक सुविधा बाहेक बैठक भताको व्यवस्था ऐनमा नभएकोले सो रकम खर्च लेख्न मिल्ने नदेखिएको रु...
<table>
<tr><td>वडा न.</td><td>भुक्तानी भएको बैठक भत्ता</td></tr>
<tr><td>१</td><td>१८००००</td></tr>
</table></td><td>२५२००००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>२१६०००</td></tr>
<tr><td>३</td><td>२१६०००</td></tr>
<tr><td>४</td><td>२१६०००</td></tr>
<tr><td>५</td><td>२१६०००</td></tr>
<tr><td>६</td><td>२१६०००</td></tr>
<tr><td>७</td><td>२१६०००</td></tr>
<tr><td>८</td><td>२१६०००</td></tr>
<tr><td>९</td><td>१८००००</td></tr>
<tr><td>१०</td><td>२१६०००</td></tr>
<tr><td>११</td><td>२१६०००</td></tr>
<tr><td>१२</td><td>२१६०००</td></tr>
<tr><td>जम्मा</td><td>२५२००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.</td><td>प्रोत्साहन भत्ता : आथिक कार्यविधि नियमावली २०६४ को नियम १२३ मा आर्थिक दायित्व थप हुने विषयमा अर्थ मन्त्रालयको पुर्वस्वीकृति लिइ खर्च गर्नुपर्ने व्यबस्था छ । कार्यालयले विगत बर्ष देखि प्रमुख प्रशासकीय अधिकृत सहित २७ जनालाई खाइपाई आएको तलब(तलब र ग्रेड)को २० प्रतिशतले प्रोत्साहन भत्ता खर्च लेख्दै आएकोमा २०७४ कार्तिक ७ को प्रथम नगरसभाको निर्णय न.५६ ले थप २५ प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरि यो वर्ष संघीय चालु अनुदानबाट खाइपाई आएको तलबको ४५ प्रतिशत प्रोत्साहन भत्ता वापत २८ कर्मचारीहरुलाई रु.३९२९८५५/-भुक्तानी गरेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएकोमा निजहरुले के काम गरेको र सो अनुसारको पुष्ट्याईको प्रमाण संलग्न गरेको छैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रु.</td><td>३९२९८५५/-</td></tr>
<tr><td>२२.</td><td>नगर सभाबाट यस बर्ष प्रति वडा रु.१ करोड पुजिगत र चालु खर्च रु.८०२००० विनियोजन गरेकोमा देहायका ४ वडाले विनियोजित बजेट भन्दा बढि खर्च लेखेको छ ।
<table>
<tr><th>वडा</th><th>बजेट</th><th>खर्च</th><th>बढि खर्च</th></tr>
<tr><td>२</td><td>१०८०२०००</td><td>१०८७७१५१</td><td>७५१५१</td></tr>
<tr><td>६</td><td>१०८०२०००</td><td>११५२९४१३</td><td>७२७४१३</td></tr>
<tr><td>७</td><td>१०८०२०००</td><td>११२५९९७८</td><td>४५७९७८</td></tr>
<tr><td>९</td><td>१०८०२०००</td><td>१२८१४५०७</td><td>२०१२५०७</td></tr>
<tr><td>जम्मा</td><td>४३२०८०००</td><td>४६४८१०४९</td><td>३२७३०४९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **हित कोष**–२०६५सालको १३ औ नगरसभाले प्रति महिना प्रति व्यक्ति रु.१०००/-का दरले २४ जनालाई हित कोषमा रकम थपि दिने निर्णय बमोजिम यस बर्ष चालु अनुदानबाट रु.२४५७५०/- खर्च लेखेको छ । कर्मचारी कल्याणकोषमा प्रत्येक वर्ष रकम खर्च लेखेकोमा पु:न हित कोषमा रकम खर्च लेख्न नमिल्ने देखिएको रु. | २४५७५०/- |
| २४. | नेपाल सरकार कार्य संचालन निर्देशिका २०७३ को दफा ७.१.१ मा बैठक भत्ता दिने ६ आधारहरु खुलाएको छ ।भौ.२२४।९।२९ बाट अर्जुन लम्सालालाई बैठक भत्ताको भरपाई भन्दा बढि भुक्तानी भएकाले असुल हुनुपर्ने रु. | १००००/- |
| २५. | नेपाल सरकार कार्य संचालन निर्देशिका २०७३ को दफा ७.१.१ मा बैठक भत्ता दिने ६ आधारहरु खुलाएको छ । स्पष्ट बिसयवस्तु र कार्ययोजना वेगर बैठक वस्न नपाइने, वेठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निकाय र पदाधिकारी,कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने,कानुन अनुसार गठन भएका समितिहरुको वैठकको लागी मात्र भत्ता प्रदान गर्ने,बिभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र वैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने, बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा २ जना सम्म मात्र आमन्त्रित सदस्यलाई वैठक भत्ता प्रदान गर्न सकिने आधार रहेका छन । यस वर्ष उपरोक्त आधार बेगर वैठक भत्ताका लागी रु.४६८५००/-खर्च लेखेकोले अनियमित देखिएको छ । | |
| २६. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र शिक्षकको बिद्यालय किताबखानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा पारित नगरि खर्च लेखेकाले तलबी प्रतिवेदन पारित गराई खर्च लेख्नुपर्दछ । | |
| २७. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने स्वीकृत दरबन्दी ९९ मा ७० कर्मचारी पदपूर्ति रहेको देखियो । ति मध्ये सि.डि.इन्जिनियर १ सहित विभिन्न २९ पद रिक्त रहेका छन । ति रिक्त र अन्य पद समेत पदमा ४५ करारमा, २६ ज्यालादारीमा समेत १४१ कर्मचारीबाट कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| २८. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषमा यस वर्ष सम्म रु.४० लाख जम्मा गरेको देखियो । | |
| २९. | **आर्थिक साहयता:** आर्थिक साहयताको वितरण स्पस्ट मापदण्ड बनाई लागु गर्न पर्दछ । यस बर्ष .केन्द्र सरकारको कार्यविधिसँग मेल नखाने गरि कार्यपालिकाबाट निर्णय गरी भुक्तानी दिएको छ । आर्थिक सहायता अर्न्तगत अधिकतममा रु.५लाख सम्म उपचार खर्च वापत हरि ज्ञवालीलाई उपलब्ध गराएको छ । केन्द्र सरकारको कार्यविधि विपरित आर्थिक साहयता रु.१२८२८६७/- खर्च लेखेकाले थप व्ययभार | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | परेको छ । | |
| ३०. | प्रदेश न.५को स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा अनुगमन भत्ताको व्यवस्था छैन । गत वर्षको अनुगमन भत्ता रु.३०६०००/- भुक्तानी दिन बाकीको प्रमाण बेगर यस बर्ष खर्च लेखेकाले सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ३०६०००/- |
| ३१. | प्रदेश न.५ को स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा सञ्चार र इन्धन खर्च दिने व्यवस्था गरेपनि स्पस्ट मापदण्ड तोकीएका छैन । यस वर्ष सञ्चार महशुल रु.५०२८३६/- र इन्धन २५२८०३६/- खर्च गरेको छ । सञ्चार र इन्धन खर्चको सिलिग तोकी खर्च नियन्त्रण गर्नुपर्ने देखियो । | |
| ३२. | **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा नगरँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको देखिएन ।घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी देहायनुसारको विवरण पेश गरेको छ ।यस तर्फ ध्यान दिनुपर्दछ । | |

| घरनक्शा पासको निवेदन संख्या | नक्सा पास अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|
| | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| ५९ | ५९ | ७० | ४४ | ११४ |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३. | **राजश्वकोअभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगर पालिकाको वडाहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । देहायका सेवा प्रवाहको विवरण पेश गरेपनि वडा कार्यालयमा रजिष्टर खडा गरि अभिलेख राखेको छैन ।यस वर्ष मुल्यांकन सेवा दस्तुर सम्पति मुल्यांकन र आयश्रोत प्रमाणित कति सेवाग्राहीलाई कहिले कतिको सम्पति मुल्यांकन र आयश्रोत प्रमाणित गरेको हो सो को अभिलेख राखेको छैन । एउटै सम्पतिको मुल्यांकन प्रयोजनपिच्छे फरक प्रमाणित हुनसक्ने अवस्था देखिन्छ । यसवाट वडाहरुको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । नगरपालिकाले देहाय बमोजिम सेवा प्रवाह गरि राजश्व असुल गरेको जनाएको छ । | |

| क्र.सं | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | दm) ब | दm) ब |
| २ | घरबाटो सिफारिस | ज) ा द | ज) ा द |
| ३ | नाता प्रमाणित | मभज | मभज |
| ४ | जन्म, मृत्यु दर्ता | दअदज | दअदज |
| ५ | अन्य | ज) ाा न | जमदब |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>जम्मा</td><td>जननअद</td><td>जनजा म</td></tr></table></td><td></td></tr>
<tr><td>३४.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने व्यवस्था खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्फौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो ।स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७४ मा नगरपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा संघिय सार्बजनिक खरिद ऐन बमाजिम गर्नुपर्ने ब्यबस्था छ । नगरपाालिकाले खरिद सम्बन्धि कार्यका लागी पनि कार्यक्रम स्वीकृत गरी उपभोक्ता समिति संग सम्फौता गरेको र सम्भौतामा जडान,गुणस्तर परिक्षण , वितरण , वितरण पस्चातको मर्मत सम्भार र प्रयोग अवधि लगायतका जिम्मेवारी तोकिएको देखिएन । उपभोक्ता समितिले खरिद गर्दा सार्बजनिक खरिद ऐनको पालना गरेको अबस्था छैन । नियमको पालना हुनु पर्ने रु.
<table>
<tr><th>भौ.न. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२८-०७५.७.१४</td><td>वडा न.१ मा ३३०० र.मि.तार,४ वटा पोल खरिद</td><td>२११६९३</td></tr>
<tr><td>२९६-०७६.३.३१</td><td>वडा न.१० मा ६३ थान पोल,५० के.भि.ए.ट्रान्सफरमर २ थान र ६६०० र.मि. तार</td><td>१६०००००</td></tr>
<tr><td>३४४-०७६.३.३१</td><td>वडा न.७ मा ३० थान पोल खरिद</td><td>३१२३६९</td></tr>
<tr><td>३००-०७६.३.३१</td><td>वडा न.८मा ७२ थान पोल खरिद</td><td>६४७६८९</td></tr>
<tr><td>२५५-०७६.३.२६</td><td>वडा न.१ मा ७ थान पोल,५० के.भि.ए.ट्रान्सफरमर ३ थान र २० के.भि.ए.ट्रान्सफरमर १ थान</td><td>१४९९०००</td></tr>
<tr><td>२७६-०७६.३.२८</td><td>वडा न.४मा ५० थान पोल,११०८१ र.मी.तार खरिद</td><td>९५२३६०</td></tr>
<tr><td>२९७-०७६.३.३१</td><td>वडा न.९मा २८ थान पोल खरिद</td><td>४७७३४७</td></tr>
<tr><td>२२९-०७६-३-१९</td><td>वडा न.२मा ४१ थान पोल,७५३७ र.मी.तार खरिद</td><td>७९७६००</td></tr>
<tr><td>१६४-०७६-१-१९</td><td>वडा न.५ मा ट्रान्सफरमर खरिद</td><td>१४१९०६८</td></tr>
<tr><td>३०१-०७६.३.३१</td><td>वढा न.१० मा सोलार बत्ति जडान</td><td>८०००००</td></tr>
<tr><td>२३०-०७६.३-१६</td><td>वडा न.६र ७ मा सोलार बत्ति जडान</td><td>१५०००००</td></tr>
<tr><td>६१</td><td>कोटही टोल विकास संस्थाले सोलार बत्ति जडान</td><td>५७६६९१</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१०७९३८१७</td></tr>
</table></td><td>१०७९३८१७/-</td></tr>
<tr><td>३५.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने व्यवस्था खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्फौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो । उपभोक्ता समिति मार्फत ग्यास सिलिण्डर खरिद गरि विपन्न वर्गलाई वितरण गरेको भरपाई पेश गरेकोमा ग्यास सिलिण्डरग्राही छनौटको आधार नखुलेको र विपन्न</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वर्गले ग्यास रिफिल गर्ने क्षमताको यकिन नै नगरी वितरणमुखि कार्यक्रम स्वीकृत गरि खर्च गरेको छ । लाभग्राहीको छनौट प्रकिया निश्पक्ष र पारदर्शी भएको छनौटमा अबलम्बन गरिएका प्रक्रियाको प्रमाण पेश भएन । अत : कार्यक्रम खर्च निश्पक्ष र न्यायोचित ढंगबाट छनौट तथा वितरण भएको सुनिश्चित गर्ने स्थिती देखिएन । यसर्थ नियमविपरित कार्य गरेको रु.
<table>
<tr><td>भौ.न. र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>८६१-२०७६.३.३१</td><td>३४५ थान ग्यास सिलिण्डर वडा न.९ बन्धु टेर्डसबाट खरिद गरि वितरण गरेको</td><td>२३५६३५०</td></tr>
<tr><td>८६२-०७६.३.३१</td><td>२३९ थान ग्यास सिलिण्डर वडा न.८मा बन्धु टेर्डसबाट खरिद गरि वितरण गरेको</td><td>१६३२३७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३९८८७२०</td></tr>
</table></td><td>३९८८७२०/-</td></tr>
<tr><td>३६.</td><td>भौ.न.२११।०७६।३।१०सार्वजनिक खरिद नियमावली २०६४ मा उपभोक्ता समितिलाई पेश्की दिने व्यवस्था छैन । २६ थान सोलार बत्ति जडान गर्न आ.व.०७२।७३ मा उपभोक्ता समितिलाई रु.१६८०००० /- पेश्की दिएकोमा यस वर्ष कार्यसम्पन्न प्रतिवेदन बेगर रु.४५४६५६/- भुक्तानी दिई फछ्र्योट गरेको देखियो । उपभोक्ता समितिले ०७३।३।३०को रु.२४,६२,७३३/-को काइनेटिक इनर्जीको विजक न.२५०पेश गरेको देखियो । यसर्थ कार्य सम्पन्न प्रतिवेदन र गत बर्षको मु.अ.कर विजकको कर समायोजन समेत पेश हुनुपर्ने रु.</td><td>२१३४६५६/-</td></tr>
<tr><td>३७.</td><td>नगरपालिकाले संघिय सरकार मातहतका कार्यालय र निजी सस्थाका भौतिक संरचनामा आधार बेगर बजेट खर्च गरेको देखियो । संघिय सरकारबाट पनि त्यस्ता कार्यालयलाई बजेट विनियोजन भई कार्य हुने हुदा दोहोरोपना हुन सक्ने स्थिती हुन्छ । यसर्थ यस तर्फ ध्यान दिनु पर्दछ ।
<table>
<tr><td>भौ.न. र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३६३-०७६.३.३१</td><td>सशस्त्र सेवामुख कार्यालय अगाडी प्रतिक्षालय निर्माण</td><td>३७४०५३</td></tr>
<tr><td>२५७-०७६.३.२८</td><td>जिल्ला प्रहरी कार्यालयको कम्पाउण्डवाल निर्माण</td><td>४४९८६६</td></tr>
<tr><td>२४१-०७६.३.२३</td><td>सिमा सुरक्षा पोष्ट कोठारीपुरमा निर्माण</td><td>१००००००</td></tr>
<tr><td>३४१-०७६.३.३१</td><td>पत्रकार महासंघ भवन निर्माण</td><td>३०००००</td></tr>
<tr><td>२९४-०७६.३.३१</td><td>दिगोपना महिला सहकारी भवनको पहिलो तल्ला निर्माण</td><td>६०००००</td></tr>
<tr><td>२०७-०७६.३.८</td><td>कृष्णसार बचत तथा ऋण सहकारी संस्था</td><td>२०००००</td></tr>
<tr><td>११५-२०७५.११.१</td><td>सशस्त्र प्रहरीबल शिसुका</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०२३९१९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८.</td><td>विना प्रतिस्पर्धा खरिदः सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु. ८४३६५५४/-का देहायका सामान पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनु पर्ने रु.
<table>
<tr><td>सामानको नाम</td><td>रकम</td></tr>
<tr><td>कार्यालय सञ्चालन सामग्री विभिन्न भौचरबाट खरिद</td><td>६७०२०६९</td></tr>
<tr><td>भौ.न.६५।०७५।९।१२ल्यापटप खरिद</td><td>२३१६००</td></tr>
<tr><td>भौ.न.७७।०७५।९।१७टि.भि. खरिद</td><td>१०००००</td></tr>
<tr><td>भौ.न.७९।०७५।९।१७ हयुम पाइप खरिद</td><td>९०३५५५</td></tr>
<tr><td>भौ.न.२३२।०७६।३।१९ हयुम पाइप खरिद</td><td>४९९३३०</td></tr>
<tr><td>जम्मा</td><td>८४३६५५४</td></tr>
</table></td><td>८४३६५५४/-</td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३९.</td><td>दिवा खाजा : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा विद्यालयले विद्यार्थी दैनिक हाजिर भएको हाजिरी पुस्तिकको प्रतिलिपि विद्यालयको प्रधानध्यापक र व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संकलन गर्ने, २२ जातजातिका बालबालिकाहरुलाई तथा मुसहर जातका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउने, विद्यालयले विद्यार्थीका अभिभावकलाई नियमित घरबाट खाजा ल्याउने शर्तमा नगद नै रकम वितरण गर्ने र यसको भर्पाई गराइ राख्ने,घरबाट खाजा ल्याउने विद्यार्थीको अनुगमन गर्ने उल्लेख छ । यस वर्ष नगरपालिकाले दिवाखाजा वापत रु १०१५०५४५।०० खर्च लेखेकोमा शिशु कक्षा  देखि ५ सम्मका बालबालिकको लागि दिवा खाजा उपलब्ध गराउनु पर्नेमा निम्नानुसार ३ विद्यालयलाई कक्षा ५ सम्म र अन्यलाई शिशु कक्षालाई मात्र दिवा खाजा दिएको  नगरपालिकाको च नं २०५६मिति २०७६।१०।९ को पत्रबाट जानकारी गराएको छ । शिशु कक्षाका विद्यार्थीलाई दिउसो १ बजे नै छुट्टि दिने र कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई दिनभरी कक्षामा रहनुपर्ने हुँदा लामो समय कक्षा हुनेलाई पहिलो प्राथमिकता नदिनुको कारण स्पष्ट भएन । गत वर्षको विद्यालयगत परीक्षाको नतिजा विश्लेषण गर्दा तीन विद्यालयको नतिजा बमोजिम  भर्ना भएका मध्ये२१ प्रतिशतभन्दा बढी विद्यार्थी परीक्षामा सामेल नभएको देखियो भने कार्यालयबाट भएका निरीक्षण अनुगमन प्रतिवेदनहरुमा पनि २० प्रतिशतभन्दा बढी विद्यार्थी विद्यालयमा उपस्थित हुने नगरेको उल्लेख भएको पाइयो । यसैका आधारमा भर्ना भई विद्यालय छाड्ने विद्यार्थीको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सो विवरण उपलब्ध भएन । विद्यालयमा उपस्थित नहुनेको संख्या यकिन गरी उपस्थित हुनेलाई मात्र दिवा खाजा,पाठ्यपुस्तक,बूक कर्नर लगायतका अनुदान दिनुपर्नेमा भर्ना भएकाको संख्या अनुसार दिएकोले बढी दिएको देखिन्छ । अतः भर्ना भएका २८५८ मध्ये २२८७ विद्यालयमा रहने र सो मा ३ विद्यालयमा रहेका १८२ बाहेक कूल २१०५ शिशुको लागि १८० दिनमा दैनिक रु १५।०० ले जम्मा रु. ५६८३३००।०० हुने र ३ विद्यालयको लागि रु.७२३२८५।०० समेत कूल दिनुपर्ने रु. ६४०६५८५।०० लाग्नेमा रु. १०१५०५४५।०० खर्च लेखेकोले बढी खर्च लेखेको रकम छानविन गरी असूल हुनुपर्ने रु<br>शिशु कक्षा देखि कक्षा ५ सम्मलाई दिवा खाजा दिएका विद्यालय विवरण</td><td>३७४३९६०/-</td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| विद्यालयको नाम | शिशु कक्षाका विद्यार्थी | रकम |
|---|---|---|
| हिमाली आधारभूत विद्यालय चौगुर्जी | १०७ | ५३९६१० |
| सृजना प्राथमिक विद्यालय जोशीपुर | ४१ | १०३६२० |
| नेपाल राष्ट्रिय प्रा वि तेजीपुर | ३४ | ८००५५ |
| जम्मा | | ७२३२८५/- |

भर्ना संख्याको तुलनामा परीक्षामा सामेल हुने प्रतिशत निम्नानुसार छनः

| विद्यालयको नाम | भर्ना संख्या | परीक्षामा सामेल संख्या | प्रतिशत |
|---|---|---|---|
| ने रा आधारभूत विद्यालय सुहेलवा | २८४ | १७६ | ३८ |
| ओमशान्ति प्रा. वि. डव्वा गाउँ | ३८८ | ३३० | १४.९४ |
| कोटही मा. वि .गुलरिया | ६१० | ५४३ | १०.९८ |
| भर्नाको दरमा अनुपस्थित औसत प्रतिशत २१.३०६ | | | |

४०. **निशुल्क पाठ्यपुस्तक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम विद्यालयगत विद्यार्थीलाई तोकिएको दररेटको आधारमा प्रथम पटक कूल रकमको ७५ प्रतिशत निकासा दिनुपर्ने र बाँकी नपुग रकम पाठ्यपुस्तक खरिद गरेको विल भर्पाईको आधारमा बास्तविक विद्यार्थी संख्या यकिन गरी बाँकी २५ प्रतिशत रकम निकासा दिने व्यवस्था छ । क्रियाकलाप नं २.१५.११.७७० मा बूक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत दर तोकिएको छ। प्रति विद्यार्थी लागतको आधारमा बूक कर्नर वापतको रकम निकासा दिंदा तोकिएको दररेटमा (कक्षा १ देखि ५ सम्म रु १५०।००, कक्षा ६ देखि ८ सम्म रु. २००।०० ,कक्षा ९, १० रु. २००।०० कक्षा ११,१२ रु. २५०।००) वास्तविक विद्यार्थी संख्याले गुणन गरी दिनुपर्दछ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को उद्देश्यको बूँदा नं १६ मा तथ्यांक ढाँट्ने र झुटो विवरण दिने पदाधिकारीलाई भ्रष्टाचारकै अभियोग सरह कानुनी कार्वाही गरिने हुँदा विद्यालयको प्रधानाध्यापकद्धारा भरिने विवरण यथार्थपरक हुनुपर्ने , तोकिएको समयमा तथ्यांक नबुझाउने,झुटो विवरण दिने प्र .अ. र त्यस्तो विवरण प्रमाणित गर्ने अधिकारीलाई समेत विभागीय कार्वाही हुने भएकोले यथार्थमा आधारित भएर प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । विद्यालय छाड्ने विद्यार्थी विवरण पेश भएको छैन । भर्ना भएका मध्ये कति विद्यार्थीले विद्यालय छाडेका छन् सो को विवरण सहित अन्तिममा बाँकी रहेका कति विद्यार्थीको लागि पाठ्यपुस्तक आवश्यक परेको हो स्वीकृत दर रेट अनुसार हुने रकम निकासा दिनुपर्दछ । विद्यालयले प्रतिविद्यार्थी लागत (बूक कर्नर ) माग गरेको विद्यार्थी संख्या अनुसार कूल पाठ्यपुस्तक र बूक कर्नर वापत रु. ७४७३७७७० दिनुपर्नेमा रु. ११४८७९२०।०० दिएकोले बढी निकासा दिएको रकम असूल हुनु पर्ने रु.................... ४०१४१४३/-

| कक्षा | विद्यार्थी संख्या | स्वीकृत दर | बूक कर्नर दर | जम्मा दिनु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| शिशु | २२८७ | ० | ५०० | ११४३५०० | भुक्तानी दिएको रकम |
| १. | १५९० | २३८ | १५० | ६१६९२० | |
| २. | १२६४ | २३४ | १५० | ४८५३७६ | |
| ३. | १२५९ | २८८ | १५० | ५५१५४२ | |

| भौ नं मिति | रकम | कैफियत |
|---|---|---|
| १३०/०७५/१२/२५ | ३८०६४१६ | पाठयपूतक वापत |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४.</td><td>११९३</td><td>३३६</td><td>१५०</td><td>५७९७९८</td></tr>
<tr><td>५.</td><td>११७२</td><td>३६८</td><td>१५०</td><td>६०७०९६</td></tr>
<tr><td>६.</td><td>१०५८</td><td>४५०</td><td>२००</td><td>६८७७००</td></tr>
<tr><td>७.</td><td>९७१</td><td>५०२</td><td>२००</td><td>६८१६४२</td></tr>
<tr><td>८.</td><td>१२९२</td><td>५४२</td><td>२००</td><td>९५८६६४</td></tr>
<tr><td>९.</td><td>९६१</td><td>४४१</td><td>२००</td><td>६१६००१</td></tr>
<tr><td>१०.</td><td>८३८</td><td>४५१</td><td>२००</td><td>५४५५३८</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७४७३७७७/-</td></tr>
</table>
<table>
<tr><td>२१६/०७६/३/१९</td><td>२६४३५०४</td><td>पाठयपुतक वापत</td></tr>
<tr><td>२१६/०७६/३/१९</td><td>११४८९००</td><td>बूक कर्नर</td></tr>
<tr><td>४७/०७५/८/२०</td><td>३८८९१००</td><td>बूक कर्नर</td></tr>
<tr><td>जम्मा</td><td>११४८७९२०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१.</td><td>छात्रबृति : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७२ मा सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गरी गैर आवासीय छात्रबृति दिने ,१ देखि ८ सम्म दलित छात्रबृति रु. ४००।०० का दरले कक्षा १० दलित छात्रबृति रु. ५००।०० का दरले दिने व्यवस्था छ । सोही पुस्तिकामा छात्रबृति अनुदान प्राप्त गरेको विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवं आधारहरुलाई ध्यानमा राखी शिक्षक,शिक्षक अभिभावक संघ,समेतको सहभागितामा विद्यालयमा उपलब्धी छात्रबृति अनुदान मध्ये विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रबृति पाउने छात्राछात्रको नामावली सहितको विवरण अद्यावधिक गरी वितरण गर्ने पर्ने उल्लेख छ ।यस वर्ष पालिकाले ६०६४ छात्राको लागि रु.२४२५६००।००, दलित १०७४ को लागि रु. ४२९६००।०० र ९,१० दलित २२९ जनाको लागि रु.११४५००।०० समेत कूल रु. २९६९७००।०० छात्रबृति दिएको छ ।<br><br>पेश भएको विद्यार्थी विवरण अनुसार कूल १ देखि ८ सम्मको छात्रा संख्या ६१२८ भर्ना भएको र सो को २० प्रतिशत घटाउदा ४९०२ बाकी रहने र सो मा समेत दलित ११०३ जना मध्ये छात्रबृति पाउने १०७४ जना घटाउदा ३८२८ जनालाई रु. ४००।०० ले रु. १५३१२००।०० दिनुपर्नेमा रु. २४२५६००।०० निकासा दिएकोले छानविन गरी बढी निकासा दिएको रकम असूल हुनुपर्ने रु...</td><td>८९४४००/-</td></tr>
<tr><td>४२.</td><td>शिशु कक्षा संञ्चालनका लागि कम्तिमा २० जना बालबालिका बराबर एक जना सहयोगी कार्यकर्ताको पारिश्रमिक दिनुपर्ने ,प्रत्येक ६।६ महिनामा निरीक्षण अनुगमन गरी विद्यार्थी घटबढको आधारमा सहयोगी कार्यकर्ताको दरवन्दी समायोजन गर्नूपर्दछ । फ्लाश रिपोर्टमा विद्यार्थीको विवरण नभएको वाल विकास केन्द्रलाई अनुदान दिन नमिल्ने कार्यक्रम कार्यान्वयन पुस्तिका ०७५।७६ मा उल्लेख छ । बाल विकास केन्द्रमा २२८७ जनाबालबालिकाको लागि ११४ जनासम्म सहयोगी कार्यकर्ताको रु. १००३२०००।००भए पुग्नेमा .नियमित १३५जना सहयोगी कार्यकर्तालाई रु. ११८८००००।००..खर्च भएको छ । विद्यार्थीको अनुपातभन्दा .२० जना सहयोगी कार्यकर्ता बढी भर्ना गरी रु. १७६०००।००.बढी व्यय भार पारेको छ । यस सम्बन्धमा आवश्यकभन्दा बढी सहयोगी कार्यकर्ता राखी बढी व्ययभार पारेकोले नियन्त्रण हुनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४३.</td><td>कक्षा ८ को परीक्षा खर्च : कार्यक्रम कार्यान्वयन पुस्तिका २०५।७६ को क्रियाकलाप नं २.१५.११.७८५ मा कक्षा ८ को स्थानीय तह स्तरीय परीक्षा संचालन गर्दा विद्यार्थीसँग कुनै शुल्क लिन नहुने र यसको लागि प्रति विद्यार्थी रु.२००।०० का दरले खर्च लेख्ने उल्लेख छ । पेश भएको विद्यार्थी विवरण अनुसार कक्षा ८ मा कूल ७४२ जना विद्यार्थी देखिएकोले प्रति विद्यार्थी रु.२००।०० का दरले जम्मा रु.१४८४००।०० सम्म खर्च लेख्न मिल्नेमा निम्नानुसार खर्च भएकोले नर्म्सभन्दा बढी खर्चलेखेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौचर नं मिति</th><th>रकम</th></tr>
<tr><td>१२५/०७५/१२/५</td><td>४४५००</td></tr>
<tr><td>१२६/०७५/१२/६</td><td>१९०६७९</td></tr>
<tr><td>१३/०७५/१२/१४ (निशर्त शिक्षा तर्फ)</td><td>१२७२६५</td></tr>
<tr><td>१९/०७६/१/२२ (निशर्त शिक्षा तर्फ)</td><td>२५८६३</td></tr>
<tr><td>जम्मा</td><td>३८८३०७</td></tr>
</table></td><td>२३९९०७/-</td></tr>
<tr><td>४४.</td><td>शिक्षण सिकाइ सहयोग अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.६३६ मा साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा रहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । निम्नानुसार विद्यालयलाई निकासा दिएकोमा शिक्षक विद्यार्थी अनुपात ,विषय शिक्षकको आवश्यकता ,शिक्षक नियुक्ति,नियमित हाजिर रही पठनपाठन सुचारु भएको प्रमाण पेश हुनुपर्ने रु....
<table>
<tr><th>विद्यालय संख्या</th><th>अनुदान रकम रु</th></tr>
<tr><td>त्रिशक्ति आधारभूत विद्यालय</td><td>२८२०००</td></tr>
<tr><td>कोटही माध्यमिक विद्यालय</td><td>३६६०००</td></tr>
<tr><td>ने. रा .आ. वि. सुहलेवा</td><td>२८२०००</td></tr>
<tr><td>गायत्री आ. वि. टेपरी</td><td>२८२०००</td></tr>
<tr><td>ने. रा .आ. वि. दूधा</td><td>२८२०००</td></tr>
<tr><td>हिमाली आ. वि .चौगुर्जी</td><td>२८२०००</td></tr>
<tr><td>जम्मा</td><td>१७७६०००/-</td></tr>
</table></td><td>१७७६०००/-</td></tr>
<tr><td>४५.</td><td>तलब भत्ता :विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावधिक विवरण र बिद्यालय किताबखानाबाट पारित प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यथार्थतता यकिन गर्ने स्थिती छैन ।</td><td></td></tr>
<tr><td>४६.</td><td>पुस्तकालय,विज्ञान प्रयोगशाला , आइ सि टि ल्याव : कार्यक्रम कार्यान्वयन पुस्तिका</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२०७५।७६ बमोजिम अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन नियम,आयकर ऐनको प्रक्रिया अवलम्बन गर्नुपर्ने उल्लेख भए बमोजिम निम्नानुसारका विद्यालयलाई उपलब्ध गराईएको अनुदानको प्रमाण कागजात पेश नभएकोले नियमानुसार तोकिएको प्रक्रिया अपनाई कार्य सम्पन्न गरेको प्रमाण कागजात पेश हुनुपर्ने रु........
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>शम्भुशरण मा. वि. खैरापुर</td><td>आइ सि टि</td><td>६५००००</td></tr>
<tr><td>२.</td><td>कोटही मा. वि. तुलापुर</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td>३.</td><td>ने .रा. मा .वि .प्रयागपुर</td><td>विज्ञानप्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९५००००</td></tr>
</table></td><td>१९५००००/-</td></tr>
<tr><td>४७.</td><td>विद्यालय निर्माण सुधार : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भौतिक निर्माण,मर्मतको काम सार्वजनिक खरिद नियमावली २०६४ को प्रक्रिया अवलम्बन गरी निर्माण सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको रकम विद्यालययलाई निकासा दिइ खाता रोक्का राखेको छ । निकासा दिएको रकम बैक खाता रोक्का राख्नुपर्नाको कारण खुलाएको छैन । अतः निर्माण कार्य सम्पन्न गरी नियमानुसारका विल भर्पाइ कर दाखिला , प्राविधिक मूल्यांकन कार्यसम्पन्न प्रतिवेदन सहित विद्यालय व्यवस्थपन समितिको बैठकको निर्णय समेतका प्रमाण पेश हुनुपर्ने रु..
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>ने. रा. शम्भुशरण मा. वि. खैरापपुर</td><td>भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>२.</td><td>ने. रा. मा. वि. प्रयागपुर</td><td>भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>३.</td><td>जानकी मा. वि. सिरकोहिया</td><td>भवन निर्माण</td><td>१६०००००</td></tr>
<tr><td>४.</td><td>ओमशान्ति मा. वि. डव्बा</td><td>भवन निर्माण</td><td>१६०००००</td></tr>
<tr><td>५.</td><td>ध्रुव मा. वि. तुलसीपुर</td><td>शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>६.</td><td>सृजना मा. वि.जोशीपुर</td><td>शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८२०००००</td></tr>
</table></td><td>८२०००००/-</td></tr>
<tr><td>४८.</td><td>सुनौलो महिला विकास सहकारी संस्थालाई भौचर नं २२८।०७६।३।२५ बाट सामाजिक परीक्षण वापत भनी रु. १०००००।०० भुक्तानी दिएकोमा २०७६।३।२३को सादा विलमा रु. ८७०००।०० को विल र १३ प्रतिशत कर भनी रु. १३०००।०० थप गरी कूल रु. १०००००।०० बनाएको पाइयो । मू .अ .कर ऐन ,नियमअनुसार मू .अ .करमा दर्ता नभएकाले मू .अ .कर उठाएमा जरिवाना समेत कार्वाही हुने व्यवस्था छ । अतः प्यान विलमा १३ प्रतिशत कर भुक्तानी भएको रकम नियमानुसार</td><td>१३०००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रक्रिया अबलम्बन गरी असूल हुनुपर्ने रु...</td><td></td></tr>
<tr><td>४९.</td><td>स्वीकृत कार्यक्रम भित्रको बजेट अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम खर्च गर्नुपर्दछ । भौचर नं २२९।०७६।३।२६ बाट स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण तथा सञ्चालन शीर्षकबाट विभिन्न ७ आइटमका ४२ थान फर्निचर खरिद गरी कृष्णसार स:मिल तथा फर्निचर उद्योगलाइ रु.४१८१००।०० भुक्तानी गरेकोमा उक्त फर्निचर उपयोग,हस्तान्तरण ,प्राप्तीको प्रमाण पेश नभएकोले छानविन गरी प्रमाण पेश हुनुपर्ने रु..</td><td>४१८१००/-</td></tr>
<tr><td>५०.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम रु. २० हजार भन्दा बढीका सामानहरु मू .अ .करमा दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने व्यवस्था छ । भौचर नं २३५।०७६।३।२७ बाट कर विजक वेगर विमल आर्ट गुलरियालाई रु. ५०३९०।०० भुक्तानी गरेकोले अनियमित देखिएको रु.</td><td>५०३९०/-</td></tr>
<tr><td>५१.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य सम्पन्न भए पश्चात प्राविधिक मूल्यांकन कार्य सम्पन्न प्रतिवेदनअनुसार भुक्तानी गनुपर्दछ । नगरपालिकाले निम्नानुसारका निर्माण कार्यको लागि रकम निकासा गरी खर्च लेखेकोमा सम्बन्धित संस्थाको खातामा रकम दाखिला गरी सो खाता अर्को आदेश नभए सम्मको लागि रोक्का राखेको छ । यस प्रकार निर्माण कार्यको रकम निकासा गरी खाता रोक्का राख्नुले निर्माण कार्य भएकोमा आस्वस्त हुने अवस्था रहेन । आ. व. २०७५।७६ को भुक्तानी रकम आ.व. २०७६।७७ मा च. नं. २७७ मिति २०७६।४।२२ मा रकम रोक्का राख्न पत्र लेखेको छ । यस सम्बन्धमा छानविन गरी कार्य सम्पन्न भएको प्रतिवेदन,सम्बन्धित स्थानीय तहको सिफारिस ,निर्माण कार्यको फोटो,र छानविन प्रतिवेदन समेत पेश हुनुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>उपभोक्ता समूहको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>सर्जु नदीमा तटबन्ध २ ,उपभोक्ता समूह</td><td>राष्ट्रपति चुरे</td><td>२३५९९०</td></tr>
<tr><td>२.</td><td>सर्जु नदीमा तटबन्ध ३ ,उपभोक्ता समूह</td><td>राष्ट्रपति चुरे</td><td>३१७०८३०</td></tr>
<tr><td>३.</td><td>स्वास्थ्य भवन निर्माण उ .स. वडा नं ६</td><td>संघीय शशर्त अनुदान</td><td>३३०९००</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य भवन निर्माण उ. स. वडा नं ७</td><td>संघीय शशर्त अनुदान</td><td>५०४०००</td></tr>
<tr><td>५.</td><td>स्वास्थ्य भवन निर्माण उ. स. वडा नं ११</td><td>संघीय शशर्त अनुदान</td><td>५०४०००</td></tr>
<tr><td>६.</td><td>स्वास्थ्य भवन निर्माण उ .स .वडा नं ३</td><td>संघीय शशर्त अनुदान</td><td>५०४०००</td></tr>
<tr><td>७.</td><td>स्वास्थ्य भवन निर्माण उ. स .वडा नं ९</td><td>वर्थिंग सेन्टर निर्माण न .पा.</td><td>७९१०००</td></tr>
<tr><td>८.</td><td>कोटही मन्दिर र्मािण उ. स. वडा नं ४</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी</td><td>१६१६६६६</td></tr>
<tr><td>९.</td><td>अमर कन्स्ट्रक्सन</td><td>कभर्ड हल,शशर्त</td><td>१०५९१७५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०८४०५६१/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भर्पाई सहितको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
लेखा राख्नु पर्ने व्यवस्था छ । धारा विजुली टेलिफोनको रकम समयमा बुझाई छुटको सुविधा समेत लिनु पर्नेमा विलभन्दा बढी विलम्ब शुल्क समेत तिरेकोले विलभन्दा बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>विववरण</th><th>जरिवाना तिरेको रकम रु</th></tr>
<tr><td>४०/०७५/१०/१८</td><td>विद्युत</td><td>४०००</td></tr>
<tr><td>५७८/०७६/२/८</td><td>विभिन्न १३ वटा मोटरसाइकल कर ,नविकरण</td><td>३९००</td></tr>
<tr><td>२७३/०७५/१०/१८</td><td>विद्युत</td><td>१०१५०.८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८०५०.८</td></tr>
</table>
</td><td>१८०५०/८०</td></tr>
<tr><td>५३.</td><td>
अनुगमन भता : आर्थिक कार्यविधि नियमावली २०६४ मा अनुगमन भता भुक्तानी गर्न मिल्ने व्यवस्था भएको देखिदैन । निम्नानुसारका भौचरबाट अनुगमनको बैठक भता भनी प्रति बैठक रु. १०००।०० का दरले भुक्तानी गरेको छ ।योजना अनुगमनको लागि अनुगमन भता दिने व्यवस्था नियममा नभएकोले नियम विपरित भुक्तानी भएको रु ...
<table>
<tr><th>भौचर नं मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६७/०७५/७/१६</td><td>विभिन्न ११ जना अनुगमन बैठक</td><td>११००००</td></tr>
<tr><td>२७०/०७५/१०/१७</td><td>विभिन्न ९ जना अनुगमन बैठक</td><td>३६०००</td></tr>
<tr><td>६०२/०७६/२/१६</td><td>विभिन्न १२ जना अनुगमन बैठक</td><td>१३११००</td></tr>
<tr><td>८२२/०७६/३/२७</td><td>पटक पटकको अनुगमन बैठक</td><td>५११०१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२८२०१/-</td></tr>
</table>
</td><td>३२८२०१/-</td></tr>
<tr><td>५४.</td><td>
विद्यालय सहयोग :नगरपालिकाले शिक्षा संस्कृति,स्वास्थ्य, कृषि, बाटो,रोजगारी सिर्जना लगायतका योजनामा लगानी गर्नु पर्दछ । तर एकै योजनामा धेरै तर्फको बजेट खर्च गर्ने , दिगो विकासका योजना भन्दा वितरणमुखि योजना धेरै सञ्चालन गर्ने ,साना साना योजनामा लगानी धेरै गर्ने गरेको देखियो । जसबाट बजेट खर्चको तुलनामा आशातित प्रतिफल न्युन हुने र हुँदै नहुने अवस्था आउँछ । यस तर्फ सचेत हुनु जरुरी छ ।
शशर्त चालु अनुदान शिक्षामा शिक्षकको तलब भता , पाठ्यपुस्तक,छात्रबृति ,कर्मचारी तलब भता , पुस्तकालय, विज्ञान प्रयोगशाला, आइ सि टि ल्याब,शौचालय निर्माण,कक्षा कोठा निर्माण,प्रति विद्यार्थी लागत अनुदान,कार्यालय सामग्री मसलन्द खरिद अनुदान,अन्य प्रोत्साहन अनुदान ,शिक्षण सहयोग अनुदान लगायतका रकम निकासा भएको अवस्थामा नगरपालिकाका सबै वडाका बजेटबाट समेत निर्माण,मर्मत, छात्रबृति,स्टेसनरी सामान,कार्यालय सामान,फर्निचर,खेलकूद सामग्री ,विद्यार्थीको पोशाक, जस्ता कार्यमा खर्च भएको विल भर्पाई पेश हुने गरेको पाइयो । विद्यालयको लागि आवश्यक पर्ने रकम कार्यक्रममा व्यवस्था गरी विद्यालयको खातामा सोझै निकासा नदिई खरिद गरेको विल भर्पाई संलग्न गर्नु उपयुक्त देखिएन । अतः विद्यालयको लागि आवश्यक हो भने सम्बन्धित विद्यालयको खातामा नै रकम निकासा हुनु पर्दछ । नगरपालिका तथा वडा कार्यालयहरुले खरिद गरेर विद्यालयको नाममा खर्च गर्ने कार्यमा
</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

नियन्त्रण हुनुपर्ने देखिन्छ । एउटा बजेट शीर्षकबाट उपलव्ध गराइसकेका शिर्षकमा पुन नगरपालिका तथा वडा कार्यालयबाट पनि रकम खर्च भएकोले खर्च मितव्ययी र आवश्यकता नै हो भनी आवश्वस्त हुने अवस्था रहेन । विद्यालयको लागि भनी खरिद गरी खर्च भएका केही उदाहरण निम्न छन्:

| भौ नं मिति | विवरण वापत | रकम | कैफियत |
|---|---|---|---|
| ३८२/०७५/११/२८ | हिमाली आ. वि. लाई ट्युसन कक्षा सञ्चालन गर्न | १००००० | न .पा. चालु |
| ४६१/०७६/१/१५ | ने. रा .शम्भुशरण मा. वि. ट्युसन कक्षा सञ्चालन गर्न | १०३५२५ | न .पा. चालु |
| ४७२/०७६/१/५ | SEE तयारी कक्षा सञ्चालन गर्न ४ विद्यालयलाई | १६६०१३ | न .पा. चालु |
| ५०२/०७६/१/१५ | रनिंग शिल्ड सञ्चालन गर्न ध्रुव मा. वि. का प्र अ मतिराम शर्मा | ३४२००० | न .पा. चालु |
| ४३६/०७६/१/२५ | हिमाल प्रा. वि. ,गणेश प्रा. वि., मदरसा गोसलउलुम लाई कम्प्युटर खरिद | ३००००० | न .पा. चालु |
| ५३७/०७६/१/२६ | डेस्कटप,प्रिनटर,टि भी प्रोजेक्टर,प्रा. वि. कोठीयालाई | ३२२६१५ | न .पा. चालु |
| ५६३/०७६/२/५ | डेस्कटप,प्रिन्टर,टि भी,देउराली आविलाई | ३२२६१५ | न .पा. चालु |
| ५६२/०७६/२/५ | SEE तयारी कक्षा सञ्चालन गर्न महाकवि देवकोट मा. वि. | २०००० | न .पा. चालु |
| ५४५/०७६/१/२९ | जगन्नाथ गुरुबाबा प्रा. वि. ,भवन मर्मत | २००००० | न .पा. चालु |
| ७९०/०७६/३/२४ | शान्ति प्रा. वि. बालापुर,ने. रा. आ. वि. सुलेहवा,बालमन्दिर प्रा. वि.लाई टि.. भि. | ८०९७० | न .पा. चालु |
| ८३१/०७६/३/२८ | विभिन्न विद्यालयलाई कापी कलम वितरण | ५०००० | न .पा. चालु |
| ८५१/०७६/३/३१ | कक्षा ८ भन्दा माथिका विद्यार्थीलाई कम्प्युटर तालिम | १५०००० | न .पा. चालु |
| ८४९/०७६/३/३१ | गौरीशंकर आ वि ,सिर्जना प्रा. वि. टि. भि .पेन ड्राइभ वितरण | ९८३१० | न .पा. चालु |
| ७००/०७६/३/१६ | महिला पुनर्स्थापना केन्द्र मार्फत शैक्षिक सामग्री खरिद वितरण | २५३००० | न .पा. चालु |
| जम्मा | | २५०९०४८/- | |

५५. **अन्यत्र कार्यालयको खर्च :** विनियोजित बजेटबाट स्वीकृत कार्यक्रम बमोजिम खर्च गरी प्रगति हासिल गर्नुपर्दछ । नगरपालिकाबाट भएका खर्चहरुमा छुट्टै बजेट विनियोजन हुने अन्यत्र कार्यालयहरुको लागि भएको खर्चका विल भर्पाई संलग्न राखी खर्च लेख्ने गरेको पाइयो । यसरी अन्य कार्यालयको विल भर्पाईको भुक्तानी गर्दाको रकम समेत नगरपालिकाको प्रगतिमा समावेश हुने देखिन्छ । अत: अन्यत्र कार्यालयको बिल भर्पाईको भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । अन्यत्र कार्यालयको विल भर्पाइहरु भुक्तानी भएका केही विवरण निम्नानुसार छन्:

| भौचर नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २७/०७५/६/२९ | जिल्ला प्रशासनकार्यालयको दैनिक भ्रमण भता | २३५०० | न .पा .चालु |
| १३७/०७५/६/२६ | जिल्ला प्रहरी कार्यालय पलंग,डाइनिंग | १५१६५० | न .पा .चालु |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | सेट | | |
| ४७०/०७६/१/५ | शशस्त्र प्रहरी बल,भान्सा निर्माण | ४९९७२ | न .पा. चालु |
| ५८०/०७६/२/९ | जिल्ला प्रशासन कार्यालयको दैनिक भ्रमण भता | ३१९०० | न .पा. चालु |
| ६१७/०७६/२/२१ | शशस्त्र प्रहरी बल,सामान खरिद | ५८६०० | न .पा. चालु |
| ७८८/०७६/३/२४ | ट्राफिक प्रहरी कार्यालय लाइटबोर्ड खरिद | १९७५०० | न. पा. चालु |
| ४७२/०७६/१५ | जयकालिका मा. वि., बढैयाताल गाउँपालिका | ७१६८७ | न .पा .चालु |
| ४७२/०७६/१५ | विद्याज्योति मा. वि., बढैयाता गाउँपालिका | ४९०५० | न .पा. चालु |
| ५७७/०७६/२/८ | खैरापुर खानेपानी तथा सरसफाई उपभोक्ता समूह | ९९६७१ | न पा चालु |
| जम्मा | | ७३३५३०/- | |

५६. **सीप मूलक तालिम संचालनः** स्वीकृत कार्यक्रम बमोजिम विभिन्न सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरेको भनी खर्च लेखेकोमा तालिम सञ्चालन भए पश्चात सम्बन्धित लाभ ग्राहीले खर्चको अनुपातमा उचित लाभ लिन सक्नुपर्दछ । त्यस्तै गरी लाभग्राहीको छनौट पारदर्शी किसिमले हुनुपर्दछ । नगरपालिका तथा वडा कार्यालयहरुबाट खर्च व्यहोर्ने गरी तालिम कार्यक्रम सञ्चालन भएकोमा सहभागी छनौटको आधार स्पष्ट हुन सकेन । तालिम प्रदायक संस्था तालिम दिने स्वीकृती पाएको र तालिम दिने दक्ष जनशक्ति भएको पुष्टि हुने प्रमाण कागजात समेत संलग्न भएको पाइएन । तालिम लिने सहभागीको पूर्ण विवरण खुलेको स्पष्ट अभिलेख नगरपालिकाले राखेको छैन जसको कारण एउटै व्यक्ति पटक पटकको तालिममा दोहोरिएको छैन भनी आस्वस्त हुन सकिएन । तसर्थ तालिममा सहभागीको छनौट प्रकिया पारदर्शी भएको , तालिम लिनेको पूर्ण अभिलेअ तयार गरी तालिम दिने संस्था तालिम दिने कार्यको स्वीकृत प्राप्त प्रमाण र तालिम लिनेले रोजगारी,स्वरोजगारी भएको सुनिश्चित हुने अनुगमन निरीक्षण हुनुपर्ने देखिएको छ ।

| भौचर नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ६७३/०७६/३/३ | श्रृंखला महिला विकास सहकारी संस्थाबाट सिलाईकटाई तालिम २७ जनालाई | ६००००० | न.पा .चालु |
| ६८९/०७६/३/१५ | जि एम टेक्निकल ईन्स्टिच्युटबाट व्युटिपार्लर तालिम | ४९९९९७ | न .पा. चालु |
| ८०४/०७६/३/२६ | कोटही ट्रेनिंग सेन्टरबाट कम्प्युटर तालिम,वडा नं ६ को | ९९७०० | |
| ८०३/०७६/३/२६ | कोटही ट्रेनिंग सेन्टरबाट कम्प्युटर तालिम,वडा नं ४ को | २९२००० | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ८०२/०७६/३/२६ | कोटही ट्रेनिंग सेन्टरबाट कम्प्युटर तालिम | १५०००० | |
| ८५६/०७६/३/३१ | सामुदायिक विकास केन्द्रबाट सिलाइ कटाई तालिम | २७५००० | |
| ८५१/०७६/३/३१ | बर्दिया इन्फोसिसबाट कक्षा ८ भन्दा माथिका विद्यार्थीलाई कम्प्युटर तालिम | १५०००० | |
| ८४८/०७६/३/३१ | आत्मानिर्भर तालिम केन्द्र गुलरियाबाट सिलाईकटाई तालिम | ३३९२१० | |
| ८४३/०७६/३/३० | बर्दिया इन्फोसिसबाट कम्प्युटर तालिम | १००००० | |
| ८६५/०७६/३/३१ | आत्मानिर्भर तालिम केन्द्र गुलरियाबाट सिलाईकटाई तालिम | ३८८५६० | |
| जम्मा | | २८९४४६७/- | |

५७. जिम्मेवार व्यक्तिलाई कार्यालय प्रयोजनको लागि संचार सेवा उपलब्ध गराएको भनिएतापनि कार्यालयमा टेलिफोन इन्टरनेटको व्यवस्था रहेको अवस्थामा मोवाइल रिचार्ज अधिक मात्रामा भएको पाइयो । यस प्रकार निजी मोवाइलमा रिचार्ज सुविधाको निचिश्त मापदण्ड बनाएर दिने तर्फ ध्यानकर्षण हुनुपर्दछ । मोवाइल रिचार्जका केही उदाहरण निम्न अनुसार छन्:

| भौचर नं मिति | मोवाइल नंबर | रिचार्ज रकम रु | कैफियत |
|---|---|---|---|
| ६/०७५/६/२३ | ९८५८०३१८२९ | २०१० | कृषि पशु शीर्षक |
| २९/०७५/९/१६ | ९८५८०३१८२९ | २००० | कृषि पशु शीर्षक |
| ४१/०७५/१०/१० | ९८५८०३१८२९ | १००० | कृषि पशु शीर्षक |
| ५३/०७५/१२/६ | ९८५८०३१८२९ | ३००० | कृषि पशु शीर्षक |
| १८/०७६/३/२७ | ९८५८०७०७ | ३००० | निशर्त महिला शीर्षक |
| ८०७५/५/१५ | ९८५८०२६२९५ | ३००० | न. पा. चालु |
| ८०७५/५/१५ | ९८५८०२५४६७ | ३००० | न. पा. चालु |
| ८०७५/५/१५ | ९८५८०२२९२२ | ३००० | न .पा. चालु |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४८/०७५/६/२८</td><td>९८५८०६८१११</td><td>२०००</td><td>न .पा. चालु</td></tr>
<tr><td>४८/०७५/६/२८</td><td>९८५८०२५४६७</td><td>२०००</td><td>न .पा. चालु</td></tr>
<tr><td>४८/०७५/६/२८</td><td>९८५८०२२९२२</td><td>२०००</td><td>न .पा. चालु</td></tr>
<tr><td>११८/०७५/८/२४</td><td>९८५८०२५६६०</td><td>३०००</td><td>न. पा. चालु</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९०१०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.</td><td>निशर्त कृषि पशु कार्यक्रमबाट मुर्रा राँगा ३ को रु. २८५०००।००, जमुनापारी बोका ३ को रु. १३५०००।०० समेत कूल रु. ४२००००।०० खर्च लेखेकोमा पशु चिकित्सकबाट प्रजनन् योग्य र स्वस्थ रहेको व्यहोरा प्रमाणित गरी वितरित पशु चौपायाको शर्त सहितको सम्झौता गरी अभिलेख राख्नु पर्नेमा सो भए गरेको पाइएन । अत: यस प्रकारका वितरण गत विगत वर्षमा समेत भएकोले यथार्थ अभिलेखको प्रमाण पेश हुनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>५९.</td><td>किसानको घर गोठमा गएर HSBQ भ्याक्सिन लगाएको भनी प्रति पशु रु. १०।०० का दरले १०००० /- पशुको लागि रु. १०००००।०० खर्च लेखेको छ । खोप लगाएको मिति,पशु धनीको पूर्ण परिचय खुल्ने नागरिकताको प्रमाण पत्र वा जग्गाधनी पूर्जा,जग्गाको किता नं ,खोप लगाएको पशु संख्या सहितको प्रमाण वेगर भुक्तानी भएको रु .</td><td>१०००००/-</td></tr>
<tr><td>६०.</td><td>भौचर नं ३६।०७५।९।२५ बाट ६५ थान मिल्क क्यानको रु. १९९८१५।०० भौचर नं ४४।०७५।११।८ बाट ४ थान फिजको रु. १४७९६०।०० समेत रु. ३४७७७५।०० अनुदान दिएकोमा अनुदान ग्राहीको छनौटको आधार पेश नभएकोले स्पष्ट रुपमा निस्पक्ष छनौट भएको प्रमाण पेश गर्नुपर्ने रु ........</td><td>३४७७७५/-</td></tr>
<tr><td>६१.</td><td>पचास प्रतिशत अनुदानमा पावर टिलर वितरण गरेकोमा, खरिद गर्नुपर्ने पावर टिलरको लागत अनुमान तयार गरी सार्वजनिक खरिद नियम २०६४ का प्रकिया अबलम्वन गरी खरिद गर्नुपर्नेमा पावर टिलरको विल संलग्न राखी उक्त विलका आधारमा अनुदान रकम दिएको र सोही बराबरको मात्र अग्रिम कर कट्टा गरेको छ । एउटै विकेताबाट सोझै खरिदको सीमाभन्दा बढी रकमको खरिद भएको र विल बमोजिमको रकममा अग्रिम कर नकाटेको पाइयो । अत: प्रतिस्पर्धाबाट हाल भुक्तानी भएको भन्दा घटी मूल्यमा प्राप्त हुन सक्ने देखिन्छ । दहित ट्रेडर्स गुलरियाबाट विभिन्न किसिमका १२ थान पावर टिलरको रु .२११००००।००को विल संलग्न गरी रु.७८०७००।०० अनुदानमा रु.११७१२।० कर कट्टा गरेकोले विल बमोजिमको नपुग कर रु. १९९३८।००असूल हुनुपर्ने र सो पावर टिलरको बजार मूल्य यथार्थ र सही भएको व्यहोरा लागत अनुमान सहित पेश हुनुपर्ने रु.</td><td>१९९३८/-</td></tr>
<tr><td>६२.</td><td>भौचर नं.१२।०७५।९।५ बाट ८५ थान साइकल खरिद गरी महिला स्वास्थ्य</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्वयंसेविकलालाई तिवरण गरेको जनाएकोमा उक्त साइकल जिन्सी दाखीला गरी म.स्वा.से. लाई वितरण गरेको प्रमाण पेश हुनुपर्दछ । साइकल वितरण गरे पश्चात मासिक यातायात खर्च समेत भुक्तानी गर्ने गरेकोले दोहोरो यातायात सुविधा दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ६३. | अधिकार प्राप्त अधिकारीको स्वीकृत लिएर सामान खरिद गरी जिन्सी आम्दानी जनाउनु पर्दछ । भौचर नं ८।०७५।८।२४ बाट ल्याप टप १ थान ,क्यामेरा १ थान खरिद गरी रु. १०००००।०० र भौचर नं ७।०७५।८।२४ बाट प्रोजेक्टर १ थानको रु. ७५०००।०० समेत रु. १७५०००।०० खर्च लेखेकोमा उक्त सामानहरु नगरपालिकाको जिन्सी खातामा आम्दानी नजाएकोले जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश हुनुपर्ने रु. | १७५०००/- |
| ६४. | नगरपालिका चालु : भौचर नं ४०१।०७५।१२ बाट ह्याण्डपम्प ,पाइप खरिद गरी सिद्धबाबा हार्डवयर बाँकेलाई रु. ११९०८७५।३६ भुक्तानी गरेको छ ।उक्त सामाग्री वडा नं ९ को लागि खरिद भएकोमा सो को लागत अनुमान,प्रयोग कार्यसम्पन्न प्रतिवेदन समेत संलग्न नगरेकोले लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ११९०८७५/३६ |
| ६५. | भौचर नं ५५७।०७६।२।१ बाट संचयकोष विमा वापत रु. २१८७०१।०० खर्च लेखेकोमा दाखिला भौचर पेश नभएकोले सम्बन्धितको खातामा दाखिला गर्न संचयकोष पठाएको भौचर पेश हुनुपर्ने रु... | २१८७०१/- |
| ६६. | भौचर नं ५७६।०७६।२।८ बाट वडा नं ८ मा फिल्टर वितरण वापत रु. ४०००००।०० खर्च लेखेकोमा लाभग्राहीको छनौट, परिचय खुल्ने प्रमाण सहित वितरण को प्रमाण पेश नभएकोले सो सम्बन्धमा बैठकको निर्णय सहितको प्रमाण पेश हुनुपर्दछ । यस प्रकारका फिल्टर वितरण अन्य वडाहरुमा समेत भएकोले सो सम्बन्धमा अनुगमन निरीक्षण गरी बास्तविकता यकिन हुनुपर्दछ । | |
| ६७. | भौचर नं ७००।०७६।३।१६ बाट शैक्षिक सहयोग कार्यक्रम अन्तर्गत स्कूल व्याग ,कापी कलम ,स्कूल ड्रेस खरिद गर्न महिला पुनर्स्थापना केन्द्र(ओरेक) लाई रु. २५३०००।०० भुक्तानी गरेको पाइयो । विद्यालयलाई शैक्षिक सामग्री वितरण गर्नको लागि संस्था मार्फत रकम खर्च गर्नु बजेट खर्चको उपयुक्त विधि होइन । सम्बन्धित विद्यालयको खातामा रकम नदिई अन्य संस्था मार्फत खरिद गरी वितरित सामग्री र मूल्य तथा सम्बन्धितको प्राप्तीमा आस्वस्त गराउदै विद्यालयलाई रकम नदिई संस्था मार्फत दिनुपर्नाको आधार प्रमाण पेश हुनुपर्दछ । | |
| ६८. | भौचर नं ८३१।०७६।३।२१ बाट सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत न्यानो कपडा वितरणमा रु. ५००००।००,छात्रबृति वितरण रु. ५००००।०० समेत रु. १०००००।०० खर्च लेखकोमा रु. १०००००।०० को झोला ,शर्ट ,पाइन्ट,कापी कलम खरिद गरेको विल भर्पाई संलग्न गरेको छ । बृद्ध,बृद्धालाई न्यानो कपडा खरिद वितरण भएको छैन । खरिद गरिएका सामग्री कुन विद्यालयको कति विद्यार्थीलाई वितरण गरेको हो सो को प्रमाण कागजात पेश नभएकोले वितरण गरेको सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय कक्षा गत विद्यार्थीको भर्पाई समेत गर्नुपर्ने र न्यानो .कपडा वितरण नगरेको रकम रु.५००००।०० अनियमित समेत को प्रमाण पेश हुनुपर्ने रु………………… | १०००००/- |
| ६९. | भौचर नं ८५६।०७६।३।३१ बाट सामुदायिक विकास केन्द्र मार्फत सिलाई कटाई तालिम | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सम्पन्न गरेको देखाएर रु.२७५०००।०० खर्च लेखेको छ । तालिम लिनेको सहभागी संख्या,सामग्री सहितको लागत अनुमानको प्रमाण पेश नभएको रु .</td><td>२७५०००/-</td></tr>
<tr><td>७०.</td><td>भौचर नं ८८०।०७६।३।३१ बाट अन्य कट्टी रकम रु.३३७४००।०० खर्च लेखेकोमा दाखिला गरेको बैक भौचर पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु .</td><td>३३७४००/-</td></tr>
<tr><td>७१.</td><td>भौचर नं ८८९।०७६।३।३१ बाट गेट मर्मत गरेको ,ग्रिल खरिद गरेको रकम रु. २३८१९८।०० कार्यालय सामानबाट भुक्तानी गरेको छ । शिर्षक फरक पारी भुक्तानी गरेको रकम नियमित हुनुपर्ने रु. .</td><td>२३८१९८/-</td></tr>
<tr><td>७२.</td><td>बक्यौता रकम असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र विभिन्न कर वापतको वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले देहायका विभिन्न कर वापत वक्यौता रु.५७८४४६४/-असुल नगरेकोले हर्जाना समेत असुल गर्नुपर्दछ ।
<table>
<tr><th>ठेकेदारको नाम</th><th>ठेक्का विवरण</th><th>आर्थिक वर्ष</th><th>साविक बक्यौता रु</th><th>हर्जाना सहित रकम</th></tr>
<tr><td>वदलु गद्धीको छोरा श्री अव्दुल रहमान गद्धी</td><td>पशु हाटवजार</td><td>२०५४।२०५५</td><td>६५४४६०।००</td><td>४४०२८८०।०</td></tr>
<tr><td>श्री राजेन्द्र कुमार यादव</td><td>पशु हाटवजार</td><td>२०५६।२०५७</td><td>१५६४५२।५०</td><td>७९०७८७।००</td></tr>
<tr><td>श्री श्याम पन्त</td><td>माछा, सर्जुनदी खण्ड २</td><td>२०५४।२०५९</td><td>१३१३४४।००</td><td>५४८६५६।००</td></tr>
<tr><td>श्री हरिप्रसाद पासी</td><td>अस्थायी पसल कर असुली</td><td>२०६१।२०६२</td><td>११०९७।००</td><td>४२१४१।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९५३३५३।५</td><td>५७८४४६४</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३.</td><td>मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३ बमोजिम मु.अ.करयोग्य कारोवारमा मु.अ.कर  असुल गर्नुपर्दछ । देहायका कारोवारमा मु.अ.कर असुल नगरेको रु.
<table>
<tr><th>ठेक्काको विवरण</th><th>ठेकेदार को नाम</th><th>सम्झौता मिति</th><th>ठेक्का अवधि</th><th>ठेक्का रकम</th><th>एकमुष्ट रकम बुझाएको ले १०% छुट बाहेकको असुली रकम</th><th>असुल नगरेको मु.अ.. कर</th></tr>
<tr><td>पशुहाट बजार गु.न.पा.</td><td>सुन्दर विष्ट</td><td>०७५/१२/२०</td><td>२०७५ चैत्र २० देखि २०७६ चैत्र १९ सम्म</td><td>१५,०५,०००।-</td><td>१३,७४,८१७।५०</td><td>१७८७२६</td></tr>
<tr><td>गुलरिया बसपार्क पार्किङक प्रवेश शूल्क</td><td>दिनेश कुमार यादव</td><td>०७५/०४/०१</td><td>२०७५ असार देखि २०७६ असार सम्म</td><td>६,५०,०००।-</td><td>५,९३,७७५।-</td><td>७७१९०</td></tr>
</table></td><td>४८४१७९/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>प्रवतिया हाट बजार खैरापुर</td><td>दिपेन्द्र यादव</td><td>०७५/०४/०१</td><td>२०७५ असार देखि २०७६ असार सम्म</td><td>३,५०,३००।-</td><td>३,१९,९९१।-</td><td>४१५९९</td></tr>
<tr><td>गुलरिया तरकारी हाट बजार</td><td>ख्यामनन्द अहिर</td><td>०७५/०४/०१</td><td>२०७५ असार देखि २०७६ असार सम्म</td><td>१२,००,७००।-</td><td>१०,८०,६३०।-</td><td>१४०४८२</td></tr>
<tr><td>विज्ञापन कर असुली</td><td>सुबोध चन्द्र शाह</td><td>०७५/०४/०१</td><td>२०८० असार मसान्त सम्म</td><td>८,७५,०००।-</td><td>३,५५,२५०।-</td><td>४६१८२</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४८४१७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४.</td><td>नेपाल सामाजिक अनुसन्धान तथा परामर्श सेवालाई नदिजन्य पद्धार्थ उत्खनन गरि बिकी गर्ने प्रयोजनको लागी बबई नदिको वडा न.२,४,५,१२ को प्रारम्भिक वातावरणीय परीक्षण गर्न रु.४९००००/- भुक्तानी गरेको छ । कार्यपालिकाको ०७५।८।२४को निर्णयले २८००० घन मि नदिजन्य पद्धार्थ उत्खनन गरि बिकी गर्न रु.५९२७०४०/-को न्युनतम ठेक्का मुल्य कायम गर्ने र ठेक्काबाट बिकीवितरण हुन नसेकको अवस्थामा अमानतबाट कार्य गराउने निर्णय भएकोमा गणेश बहादुर शाही,अतिकमण चौधरी,मान बहादुर सुनार र प्रविण चौधरीलाई नियुक्ति गरी निजहरुले पेश गरेको रसिदनुसार रु.३७६१८००/- आय आर्जन गरेकोमा रु.६६०६११/- को दाखिला भौचर पेश नभएकाले सम्बन्धितबाट असुल हुनु पर्ने रु.</td><td>६६०६११/-</td></tr>
<tr><td>७५.</td><td>कार्यालयले निम्न कार्यका लागि रु.७२३००० /-भुक्तानी दिएकोमा उक्त काम भएको स्थान, लागत इष्टिमेट,नापी किताव, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश नभएको रु.
<table>
<tr><td>गो.भौ.नं.</td><td>बिबरण</td><td>रकम</td></tr>
<tr><td>१०/०७६/३/२९</td><td>बायोग्यास निर्माण उपभोक्ता समिति</td><td>३७५०००.००</td></tr>
<tr><td>११/०७६/३/२९</td><td>गोठ निर्माण</td><td>२३२०००.००</td></tr>
<tr><td>१६/०७६/३/२९</td><td>गोठ निर्माण</td><td>११६०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७२३०००.००</td></tr>
</table>
</td><td>७२३०००/-</td></tr>
<tr><td>७६.</td><td>गो.भौ.नं. ८।०७६।३।२५ : सर्जु नदिमा नदिनियन्त्रण कार्य बापत यादव कन्स्ट्रक्सनलाई प्रथम रनिङ्ग बिलको रकम रु. ४५२५७७८.०० भुक्तानी गर्दा PS आइटमहरु बिमाको रु. ७००६०.३२, ड्इङको रु. ८७८४.८ र परफरमेन्स बोण्डको कमिसन रु. ८७८४.४८ समेत ८७६२९.२८ भुक्तानी गरेकोमा बिल भरपाई पेश नभएको रु.<br>● उक्त PS आइटमको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.</td><td>८७६२९/२८<br><br>११३९१/८१</td></tr>
<tr><td>७७.</td><td>आनुपातिक कट्टी नगरेको : सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्न कार्य बापत उपभोक्ता समितिलाई श्रमदान कटाई भुक्तानी गरेकोमा सम्झौता भन्दा घटी</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>श्रमदान कट्टा भई रु. १०७५३३.८४ भएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>काम</th><th>लागत अनुमान</th><th>श्रमदान</th><th>विल रकम</th><th>कट्टा गर्नुपर्ने</th><th>कट्टा गरेको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१३/०७६/३/३१</td><td>सर्जु नदि खण्ड २ तटबन्धन</td><td>९६१९९०१.</td><td>७२१४९२.</td><td>२७९७०४४.</td><td>२०९७७८.</td><td>०</td><td>२०९७७८.</td></tr>
<tr><td>१४/०७६/३/३१</td><td>सर्जु नदि खण्ड १ तटबन्धन</td><td>९५१२४६२.</td><td>७१३४३४.</td><td>१८५००५५.</td><td>१३८७५४.</td><td>०</td><td>१३८७५४.</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३४८५३२.</td></tr>
</table></td><td>३४८५३२/-</td></tr>
<tr><td>७८.</td><td>पेश्की बांकी : गो.भौ.नं. १४।०७६।३।३१ : सर्जु नदि तटबन्धन निर्माण खण्ड २ उपभोक्ता समितिलाई प्रचलित नियम विपरित दिएको पेश्की रु ३१७०८२०/- फछ्र्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७९.</td><td>तराइ मधेश समृद्धि कार्यक्रम तर्फ :<br>वढी भुक्तानी :२।०७६।२।२६: तराइ मधेश समृद्धि कार्यकमबाट उपभोक्ता समितिलाई बिल बमोजिम रु. २५८५८६५.०० खर्च लेख्नुपर्नेमा रु.२६००४९३.०० खर्च लेखेकोले नियम विपरित बढी खर्च गरेको रु.</td><td>१४६२८/-</td></tr>
<tr><td>८०.</td><td>जागृति उपभोक्ता समितिलाई जम्मा जम्मी काम रु. ८०५९७४०।४५ भएकोमा जनसहभागिता बापत रु. ६०४४८०.४३ घटाई रु. ७४५५२५९.९२ खर्च लेख्नुपर्नेमा यस शिर्षकबाट रु.६१७००००.०० र म्याचिङ फण्डबाट रु १३२७४३३.०० समेत रु. ७४९७४३३.०० खर्च लेखेकोले नियम विपरित बढी खर्च गरेको रु.</td><td>४२१७३/-</td></tr>
<tr><td>८१.</td><td>प्रादेशिक सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ :<br>कभर्ड हल निर्माणः यस कार्यको मूल्य अभिवृद्धि कर समेत ल.ई. ८३६२९९०.१४ भएकोमा कबोल अंक रु. ५९७१०९५.०२ मा २०७६।३।१५ मा काम सम्पन्न गर्ने गरी २०७५।१०।१० मा अमन कन्स्टक्सनसंग सम्झौता भएकोमा अन्तिम बिलसम्म रु. ५७९७४६९.२८ भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् :<br>(१) उक्त निर्माण कार्यको बिमा बापत रु.२१४७०.०० भुक्तानी भएकोमा बिमाको पोलिसी र बिल बिजक पेश नगरेकोले असुल उपर गर्नुपर्ने रु.<br>(२) १२०*९० से.मी. साइजको साइनबोर्डबापत रु.१२८८.०० भुक्तानी गरेकोमा निर्माणकार्यको अवलोकन गर्दा साइनबोर्ड राखेको नदेखिएकोले असुल उपर गर्नुपर्ने रु.<br>(३) उक्त निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीहरु इटा, छड, कंक्रिट आदिको प्रयोगसाला परिक्षण गरेको छैन । अतः निर्माण कार्यको गुणस्तर सम्वन्धमा एकिन गर्न सकिएन ।<br>(३) उक्त निर्माण कार्यको फाइनल बिल भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन ।</td><td>२१४७०/-<br>१२८८/-</td></tr>
<tr><td>८२.</td><td>उपभोक्ता समिति मार्फत कभर्ड हल निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (९७) बमोजिम कार्य उपभोक्ता समिति मार्फत कार्य गराउंदा आयोजनाबाट लाभान्वित हुने लाभग्राहीहरुको बिवरण सहित सरोकारवालाको उपस्थितिबाट निर्णय गराई उपभोक्ता समिति गठन गर्नु पर्दछ । नगरपालिकाले निर्माण गर्ने लाभग्राहीहरु नगरभरीका बासिन्दा हुने वा कम्तिमा वडाका लाभग्रही वा टोलबासीहरु भेला भई उपभोक्ता समिति गठन गर्नुपर्नेमा नगरपालिकाले नगर प्रमुखसमेत १५ जना व्यक्तिहरुको भेलाबाट उपभोक्ता समिति गठन गरेको छ । यस</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्ष उक्त भवन निर्माणको काम मध्ये अधिकांस काम व्यवसायी अमन कन्टक्सनबाट ल.ई. ८३,६२,९९०.१४ बराबरको निर्माण कार्य भएको छ । वांकी कार्यको रु. ११३९७९९.५७ विभिन्न कार्यको लागत इष्टिमेट तयार गरी एउटा मात्र आइटम इटाको गारोको काम ठेक्का कवोल गर्ने निर्माण व्यवसायी अमन कन्स्टक्सन कै बिल बिजकबाट ईटा र सिमेन्ट खरिद गरेको बिल पेश गरी रु. ५४४७९७.०० खर्च लेखेको र लागत अनुमानभन्दा ४७.८० घटी कार्य भएकोमा सोको प्राविधिक पुष्ट्याई गरी भेरिएशन आदेश स्वीकृत गर्नुपर्नेमा सो समेत स्वीकृत नभएको , उपभोक्ता समिति गठन समेत नियमानुसार भएको छैन । यसर्थ अनियमित देखिएको रु. | ५४४७८७.०० |
| ८३. | **मोवाइल खरिद :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४३ मा अधिकारप्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुनेगरी सरकारी धन खर्च गर्न नहुने र सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाबाट खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले रु. ३६१९०.०० को सामसुङ एम ४० स्काई व्लु मोवाइल सेट १ थान खरिद गरेको छ । मोबाइल व्यक्तिगत प्रयोगको साधन भएको र मोबाइल फोन सेट सुविधा पाउने नेपाल सरकारको स्पष्ट मापदण्ड र आधार वेगर व्यक्तिगत लाभ हुनेगरी सार्वजनिक साधन प्रयोग गर्ने गराउने कार्य नियम संगत देखिएन । भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्छ । | |
| ८४. | **स्थानिय पूर्वाधार बिकास कार्यक्रमतर्फ :**<br>गो.भौ.नं. ३।०७६।३।३० : ओम सर्जिकल कन्सर्न प्रा.लि. काठमाडौंबाट बर्दिया जिल्ला अस्पताललाई रु. ५३६७५०.०० को एलिजा टेष्ट मेशिन १ थान र रु. २०९७०००.०० को व्लड कम्पोनेन्ट सेपेरेटर मेशिन १ सेट समेत जम्मा रु. २६३३७५०.०० को मेशीन खरिद गरी दिएकोमा निम्न व्यहोराहरु देखिएका छन्:<br>(१) अस्पतालले जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने रु.<br>(२) उक्त मेशिनको भुक्तानी दिदा नियमानुसार ५ प्रतिशत धरौटी कट्टा गर्नु पर्नेमा कट्टा नगरेको नियम बमोजिम नदेखिएको रु.<br>(२) उक्त फर्मसंग भएको संभ्मौताको बुदा नं. ६ मा उक्त मेशिनको यूजर्स तालिम र मर्मत सम्भार तालिम उपलव्ध गराउने उल्लेख भएकोमा सो उपलव्ध गराएको देखिएन । संभ्मौता बमोजिम तालिम उपलव्ध गराएको प्रमाण पेश गर्नुपर्दछ ।<br>(३) संभ्मौताको बुंदामा महत्वपूर्ण पाट्र्सको र एक्सीसिरिजको मूल्य सूची समेत उपलव्ध गराएको हुनुपर्नेमा सप्लायर्सले उपलव्ध गराएको देखिएन । उक्त मूल्य सूची उपलव्ध गराउनु पर्दछ । | २६३३७५०/-<br>११६५३८/- |
| ८५. | गो.भौ.नं. ५।०७६।३।१ : प्रचलित नियममा अनुगमन भत्ताको व्यवस्था छैन । सरकारी रकम खर्च गर्दा तोकिएको कार्यमा मितव्यीता अपनाई खर्च गर्नुपर्दछ । अनुगमन बापत खर्च लेख्दा अनुगमन संयन्त्रका सदस्यहरु फिल्डमा खटिई देखिएका कुराहरु उल्लेख गरी नियमले तोकेको ढाचामा यथार्थ प्रतिवेदन पेश गर्नुपर्दछ । अनुगमन संयन्त्र बाहेक अन्यलाई बैठक भत्ता भुक्तानी गर्न मिल्दैन । कार्यालयले अनुगमनमा खटाएको आदेश, पत्र, अनुगमन गर्ने योजना र मिति खुलेको तालिका तथा अनुगमनको यथार्थ प्रतिवेदन बेगर नगरपालिकाले बिभिन्न योजनाको अनुगमन गरेको भनी बैठक बसी अनुगमन संयन्त्रका ५ जना र आमन्त्रीतहरु ११ जना गरी १६ जनाको जेठ असार महिनाको बैठक भत्ता रु. ४५६०००.०० भुक्तानी गरेकोले नियम बिपरित भुक्तानी गरेकोले सम्वन्धितबाट असुल उपर गर्नुपर्ने रु. | ४५६०००/- |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८६.</td><td>बढी भुक्तानी : गो.भौ.नं. ४।०७६।३।३० : कोटही मन्दिर निर्माण कार्यको हालसम्मको काम रु. ३०४०९९८।८७ भएकोमा प्रथम रनिङ बिल रु. १३०२९१२.१३ भएकोमा सो घटाई रु. १७३८०८६.८७ भुक्तानी गर्नुपर्नेमा दोश्रो रनिङ बिलको रकम रु. १८३५८१०.०० भुक्तानी गरेकोले उपभोक्ता समितिलाई रु. ९७७२३.१३ बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.</td><td>९७७२३/१३</td></tr>
<tr><td>८७.</td><td>गो.भौ.नं. ४।०७६।३।३० : डिजाइन, लगत इष्टिमेटको कार्य परामर्शदाताबाट गराउनु पर्दछ र सो तयार गरी सकेपछि निर्माण कार्य शुरु गर्नुपर्दछ । कोटही मन्दिर निर्माण कार्यको लागत अनुमानमा डिजाइन लगत इष्टिमेटको कामको काम समावेश गरी रु २३५०००.०० समेत उपभोक्तालाई भुक्तानी भएको असुल उपर गर्नुपर्ने रु.</td><td>२३५०००/-</td></tr>
<tr><td>८८.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्न कार्य बापत उपभोक्ता समितिलाई श्रमदान कटाई भुक्तानी गरेकोमा  सम्झौता भन्दा घटी श्रमदान कट्टा भई रु. १०७५३३.८४ भएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>काम</th><th>लागत अनुमान</th><th>श्रमदान</th><th>प्राविधिक मूल्यांकन</th><th>कट्टा गर्नुपर्ने</th><th>कट्टा गरेको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४/०७६/३/३०</td><td>कोटही मन्दिर</td><td>५२४३५६६.९</td><td>३९३२६७.५२</td><td>१७३८०८६.८७</td><td>१३०३५६.५१</td><td>०.००</td><td>१३०३५६,५१</td></tr>
<tr><td>३/०७६/३/२७</td><td>जुडवानपुर तेजीपुर सडक निर्माण</td><td>२७५३३६०.१५</td><td>३५३३६०.१५</td><td>२६८०९६०.००</td><td>३४३९६७.१७</td><td>२८१३०९.</td><td>६२६५८.१७</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१९३०६५.१७</td></tr>
</table></td><td>१९३०६५/१७</td></tr>
<tr><td>८९.</td><td>५।०७६।३।३१ : मिथिला छटादेवी मन्दिर निर्माण कार्यको अन्तिम बिल बापत रु. १६५२५६१.०० भुक्तानी भएकोमा उक्त कार्य सम्पन्न भएको प्रतिवेदन तयार गरेको छैन । कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९०.</td><td>पेश्की बांकी : गो.भौ.नं. ४।०७६।३।३० : कोटही देवी मन्दिर निर्माण उपभोक्ता समितिलाई प्रचलित नियम विपरित दिएको पेश्की रु. १६१६६६६/- फछ्र्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९१.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :<br>गो.भौ.नं. ५।०७६।३।२८ : बिभिन्न वडाहरुमा बाटो मर्मत, सफाईको काम बापत रु २४,६८,२९७/-  श्रमिकको ज्याला  भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् :<br>१. विभिन्न वडामा  विभिन्न काम गरे वापत कामदारहरुको ज्यालामा रु. २४६८२९७.०० खर्च लेखेकोमा कामको लागत अनुमान र सो लागि आबश्यक कामदार संख्याको विश्लेषण, सम्पन्न कामको प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको अनियमित देखिएको रु.<br>२. कामका लागि पारिश्रमिकमा आधारित आयोजना (सञ्चालन तथा व्यवस्थापन)  कार्यविधि, २०७६ को बुदा १३ (१) बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुहरु मध्येवाट प्राथमिकता क्रममा काममा खटाउनु पर्ने र श्रमिक एक जना समूह नेता छनोट गर्नु पर्नेमा सो गरेको देखिएन र वेरोजगारहरुको सूचि समेत पेश गरेको छैन ।<br>३. उक्त पारिश्रमिक रकम बैंक खाता खोली सिधै भुक्तानी दिनुपर्नेमा रोजगार</td><td>२४६८२९७/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>संयोजकले नगदै भुक्तानी लिएकोले श्रमिकहरुले पाए नपाएको एकिन गर्न सकिएन । श्रमिकको भर्पाइहरुमा मिति समेत उल्लेख गरेको देखिएन ।<br>४. निर्देशिकाको बुंदा नं १६(६) मा श्रमिकहरुको ज्याला आयोजनाको प्राविधिक प्रतिवेदनमा काम गर्नुपूर्वको फोटो र कार्यसम्पन्न पश्चातको फोटोको आधारमा भुक्तानी गर्नुपर्नेमा व्यवस्थित रुपमा सवै कामको फोटो समेतको प्रतिवेदन संलग्न गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>९२.</td><td>गो.भौ.नं. ४।०७६।३।२८ : प्रधानमन्त्री रोजगार कार्यविधि, २०७६ को परिच्छेद ५ दफा १६ (४) मा यस कार्यविधि अन्तर्गत संचालन हुने रोजगार आयोजनामा आवश्यक पर्ने औजारहरु कुल बजेटको ३ प्रतिशत भन्दा बढी हुने गरी खरिद गर्न नसकिने व्यवस्था छ । तर कार्यालयले कुल बजेट रु. ६३६९०००.०० को ८.३४ प्रतिशतले हुने रकम रु. ५३१४९५.०० को औजार र सामग्रीहरु खरिद गरेकोले बढी प्रतिशत ५.३४ ले हुने रकम रु. ३४०४२५.०० अनियमित देखिएको रु.</td><td>३४०४२५.००</td></tr>
<tr><td>९३.</td><td>सरकारी रकम खर्च गर्दा अधिकतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने र आवश्यकताको पहिचान गरेर मात्र सामग्री खरिद गर्नुपर्दछ । नगरपालिकाले प्रधानमन्त्री रोजगार आयोजना मार्फत सञ्चालित कार्यक्रमको लागि ५१६ हेलमेट, ५१६ जाकेट, ५१६ पन्जा, १२० बेल्चा, २४ थान गैटी, १२० थान फरुवा, हसिया ६० थान, कराही १८० थान खरिद गरेको छ । उक्त कार्यक्रममा जम्मा ११६ जना श्रमिकले मात्र काम गरेकोले ४०० थान हेलमेट, ४०० जाकेट, ४०० थान पन्जा, ४ थान बेल्चा, ४ थान फरुवा, कराही ६४ थान खरिद बढी खरिद गरेको देखियो । हेलमेट रु.८००५६.००, जाकेट रु.१३९६६८.००, पन्जा रु.४८१७५.००, कराही रु. १४७२०.००, बेल्चा रु. ४५६.०० र फरुवा रु. २२६०.०० गरी रु. २८५३३५.०० बढी सामग्री खरिद गरी थप व्ययभार पारेको रु.</td><td>२८५३३५/-</td></tr>
<tr><td>९४.</td><td>उक्त कार्यक्रमको लागि खरिद भएको सामानहरुमा ५१६ हेलमेट, ५१६ जाकेट, ५१६ पन्जा, १२० बेल्चा, २४ थान गैटी, १२० थान फरुवा, हसिया ६० थान, कराही १८० थान खरिद गरेकोमा खर्च हुने जिन्सी खातामा आम्दानी बांधेकोले खर्च नहुने खातामा आम्दानी बांध्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९५.</td><td>मूल्य अभिवृद्धि कर : संघीय सरकार/नेपाल सरकारको आर्थिक विधेयक, २०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्न फर्मलाई मूल्य अभिवृद्धि कर पूरै भुक्तानी गरेकोले मुल्य अभिबृद्धि कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं र मिति</th><th>कर बिजक नं</th><th>फर्मको नाम</th><th>कर दर्ता नं.</th><th>मुल्य अभिबृद्धि रकम</th></tr>
<tr><td>४/०७६/३/२५</td><td>०२/०७६/३/६</td><td>मार्टिन इन्जिनियरिङ एण्ड सोलुसन प्रा.लि.</td><td>६०६५३९७६६</td><td>२८४७०.००</td></tr>
<tr><td>१५/०७६/३/३१</td><td>५८/०७६/३/३०</td><td>यादव कन्स्ट्रक्सन</td><td>३०१८१६०५२</td><td>२८४६२६.५७</td></tr>
<tr><td>८/०७६/२/२५</td><td>४७/०७६/३/१८</td><td>यादव कन्स्ट्रक्सन</td><td>३०१८१६०५२</td><td>२६०३३२.३६</td></tr>
<tr><td>१३/०७६/३/३१</td><td>....</td><td>बिजय कन्स्ट्रक्सन एण्ड विना सप्लायर्स</td><td>.....</td><td>३७४४२.००</td></tr>
<tr><td>१४/०७६/३/३१</td><td>३०/०७६/३/३०</td><td>अमन कन्स्ट्रक्सन कम्पनी</td><td>६०२८३८९०८</td><td>६२७९६.००</td></tr>
</table></td><td>११८५५७६/७८</td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ३१/०७६/३/३० | अमन कन्स्ट्रक्सन कम्पनी | ६०२८३८९०८ | ११७०००.०० |
| ११/०७६/३/३१ | ४९/०७६/३/३१ | अमन कन्स्ट्रक्सन कम्पनी | ६०२८३८९०८ | ८४९६८.५७ |
| ३/०७६/३/३० | ४८७५/०७६/३/२९ | ओम सर्जिकल कन्सर्न प्रालि | ६०१८७०५१४ | ३०८७५.०० |
| ५/०७६/३/३१ | ०२७/०७६/३/२९ | बिजय कन्स्ट्रक्सन एण्ड विना सप्लायर्स | ... | ३८३५०.०० |
| ४/०७६/३/३० | ँ... | इन्फस्टचर डेभलपमेट एण्ड कन्सल्टेन्सी | ँ... | १३४५५.०० |
| ५/०७६/३/३ | १९० | | | १२५५०६.०० |
| ३/०७६/३/२१ | ६/०७६/३/२५ | जयकाली कन्स्ट्रक्सन | | २७२२१.५४ |
| २२/०७६/३/२५ | १५८/०७६/३/१५ | संगम कंक्रिट | | १८२९३.४१ |
| २५/०२५/३/३१ | ०३/०७६/३/३० | बर्मा कन्स्ट्रक्सन | | २८६४६.८८ |
| २१७/०७६/३/१५ | २१/०७६/२/३१ | सपोर्ट फर डेभलपमेन्ट इन्जिनियरिङ कन्सल्टेन्सी | | २७५९५.४३ |
| जम्मा | | | | ११८५५७८.७६ |

९६. **सामाजिक सुरक्षा तर्फ :**

नगरपालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता पाउनेहरुका फोटो सहितको मूलखाता बिवरण राखेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष पूरा भएमा, नवीकरण नगरेमा, बैङ्क मार्फत वितरण भएकोमा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा भएको व्यवस्था वमोजिम लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्छ । सामाजिक सुरक्षा भत्ता पाउनेको नाम भिडान हुने गरी मूलखाता राख्नुपर्दछ ।

९७. **झोलुंगेपुलतर्फ :**

**पेश्की बांकी** : गो.भौ.नं. १०।०७६।३।३१ : रामघाट मल्टी स्पान ट्रस पुल निर्माण उपभोक्ता समितिलाई प्रचलित नियम विपरित दिएको पेश्की रु.२९७३१७९.०० फछ्यौंट गर्नुपर्दछ ।

९८. **मर्मत सम्भार कोष तर्फ :**

**रोलर मर्मत :** गो.भौ.नं. १९।०७६।३।१० **:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) बमोजिम सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत संभार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो सामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्ने र (३) मा प्रतिस्थापन भएकोमा जिन्सीमा दाखिला गर्नुपर्ने र मर्मतको अभिलेख म.ले.प. फा.नं. २ मा समेत अभिलेख राख्नुपर्नेमा व्यवस्था छ । त्यस्तै नियम रु. ५ लाख भन्दा बढीको खरिद कार्य शिलबन्दी दरभाउपत्र माग गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त रोलर मर्मतमा रु. ६३३३५२.०० खर्च लेखेकोमा कोटेशनबाट खरिद गरेको देखियो । उपयोगकर्ताले कार्यालय प्रमुखलाई लिखित जानकारी नगराएको, शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा कोटेशनबाट

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खरिद गरेको र उक्त रोलरको हाइड्रोलिक पम्प रु. ४८८१६०.०० को १, हाइड्रोलिक फिल्टर रु. १८०००.०० को १ थान प्रतिस्थापन गरेकोमा जिन्सीमा दाखिला समेत नगरेकोले अनियमित देखिएको रु.<br>(१) उक्त मर्मत कार्य बापत ज्याला एकमुष्ट रु. ७००००.०० लेखेकोमा कति दिन काम गरेको, कुन दरमा ज्याला खर्च भुक्तानी दिएको हो सोको स्वीकृत दररेट पेश नभएकोले ज्यालाको स्वीकृत दररेट पेश गर्नुपर्दछ ।<br>(२) ज्यालामा मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दैन । ज्याला रु. ७००००.०० मा मूल्य अभिवृद्धि कर रु. ९१००.०० समेत भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ६३३३५२/-<br><br>९१००/- |
| ९९. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४३ मा अधिकारप्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुनेगरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने उल्लेख छ । कार्यालयले निम्नानुसार कार्यालयहरुलाई भुक्तानी दिएकोमा उक्त कार्यालयहरुलाई तालुक कार्यालयबाट समेत बजेट व्यवस्था हुने भएकोले उक्त भुक्तानी रकम अनियमित देखिएको रु. | २८०७१०/- |

| गो.भौ.नं. | बिबरण | काम | रकम |
|---|---|---|---|
| ५/०७५/११/९ | कारागार कार्यालय | कांडे तार | १३७४७५.०० |
| ४/०७५/९/२९ | जिल्ला प्रहरी कार्यालय | प्रमुख निवास, हिरासत कक्ष निर्माण | १४३२३५.०० |
| जम्मा | | | २८०७१०.०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १००. | **प्रकोप व्यवस्थापन कोष तर्फ :**<br>यस कोषमा जम्मा खर्च रु. ४७०००.०० भएकोमा आर्थिक बिवरणमा रु.५२०००.०० खर्च देखाएकोले वढी खर्च लेखेको असुल गर्नुपर्ने रु. | ५०००/- |
| १०१. | गो.भौ.नं. २२।०७६।३।२५ : संगम कंक्रिट उत्पादन प्रा.लि.बाट रु. ३१८०२४.०० मा ९० से.मी.को १७.५ मिटर, ६० से.मी. को ७.५ मिटर र ४५ से.मी. को ५ मिटर ह्यूम पाइप खरिद गरेकोमा कहां कुन आयोजनामा प्रयोग भएको हो सोको नापी कितावमा जडान गरेको नदेखिएकोले नापी कितावमा जडान भएको प्रमाण पेश गर्नुपर्ने रु. | ३१८०२४/- |
| १०२. | **पूजिगत तर्फ :**<br>प्रचलित नियममा अनुगमन भत्ताको व्यवस्था छैन । तोकिएको अनुगमन समिति बाहेक अन्यलाई अनुगम भत्ता भुक्तानी दिन पनि मिल्दैन । स्वीकृत कार्यक्रम बेगर खर्च लेख्न मिल्दैन । २०७६।३।१४ मा सञ्चार कर्मीको उपस्थितिमा बिकास निर्माण कार्यहरुको अनुगमन गरेको भनी २८ जनालाई भत्ता रु. २८०००.०० र गाडीभाडा रु.१३५००.००, डिजल रु. १५४३०.०० र खाजा नास्ता लगायतमा रु. ५४२३०.०० खर्च लेखेकोमा कार्यालयले स्वीकृत कार्यक्रम बेगर, कहां कहां कुन आयोजना अनुगमन गरेको हो र अनुगमनबाट के के देखियो सोको प्रतिवेदन बेगर खर्च लेखेकोले अनियमित देखिएको रु. | ५४२३०/- |
| १०३. | गो.भौ.नं. २१७।०७६।३।१५ : नगरको बस्तुगत बिवरण तयार गर्ने कार्यको परामर्शदाता सपोर्ट फर डेभलपमेन्ट एशोसियट्स कन्सल्टेन्सीलाई रु.९५९८७२.०० भुक्तानी गरेकोमा परामर्शदातासंग भएको संझौता, परामर्शदाताले तयार गरेको बस्तुगत बिबरण पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. | ९५९८७२/- |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०४ | **बहुक्षेत्रीय पोषण कार्यक्रम :**<br>**फिल्टर बितरण** : गो.भौ.नं. २०७६।३।२६ : नरसिंह सिमेन्ट टायल उद्योगबाट वायोग्यास फिल्टर ३५ थान रु.४४१५.०० को दरले खरिद गरी रु. १७५०००.०० खर्च लेखेकोमा बितरणको स्पष्ट मापदण्ड र बितरण गरेको भरपाई बेगर खर्च लेखेको अनियमित देखिएको रु. | १७५०००/- |
| १०५. | गो.भौ.नं. १०।०७५।१०।७ : १००० दिनका आमाहरुलाई कुखुराको चल्ला बितरण बापत रु. ४९८७५०.०० खर्च लेखेकोमा निम्न व्यहोराहरु देखिएका छन् :<br>(१) पोषण समितिको निर्णय अनुसार गत वर्ष कार्यक्रम भएका वडाहरुमा सामान्य कार्यक्रम र बांकी वडाहरुमा सघन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेकोमा स्पष्ट मापदण्ड किटान गरेको देखिएन । निर्णय बिपरित गत वर्ष कार्यक्रम भएको वडा नं. ५ का ३०० जनालाई ५ वटाको दरले १५०० चल्ला वितरण गरेको छ र गत वर्ष कार्यक्रम नभएको वडा नं. २ मा १२५ जनालाई २ वटाका दरले बितरण गरेको भरपाई पेश गरेको छ। स्पष्ट मापदण्ड बेगर बितरण गरेकोले लक्षित वर्ग लाभान्वित भएको भनी बिश्वस्त हुन सकिएन । अतः उक्त खर्च अनियमित देखिएको रु.<br>(२) उक्त चल्ला बितरण गरिएका महिलाहरु १००० दिन भित्रका आमाहरु भएको प्रमाण समेत राखेको छैन । | ४९८७५०/- |
| १०६. | **राजश्व तर्फ** :<br>राजश्व आम्दानीको इ–बिल लगायत, नगदि रसिदको आम्दानी, खर्च र बांकी देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । अतः यस आ.व.मा कति रसिद छपाई गरेको हो सोको बिबरण नभएकोले लेखापरीक्षणमा पेश भएका बाहेक रसिदहरुको स्थिति र आम्दानी एकिन गर्न सकिएन । नगरपालिकाले रसिद नियन्त्रण खाता राख्नुपर्दछ । | |
| १०७. | वडाहरुको राजश्व आम्दानी तर्फ वडा नं. १,२,५,८ को मात्र नगदी र दैनिक आम्दानी अभिलेख रसिदहरु लेखापरीक्षणमा पेश भएको छ । अन्य वडाको नगदी रसिद नगदी र दैनिक आम्दानी अभिलेख पेश नभएकोले उक्त वडाहरुबाट प्राप्त आम्दानीसंग रसिदहरुको भिडान गर्न सकिएन । | |
| १०८ | **डोजर, ग्रेडर, रोलर आदिको आम्दानी** : कार्यालयबाट मेशिनहरु भाडामा लगाएको बिबरण लेखापरीक्षणमा पेश नभएकोले सोबाट आम्दानी प्राप्त भए नभएको एकिन गर्न सकिएन । | |
| १०९. | **धरौटी तर्फ** :<br>कार्यालयले धरौटी बांकीको नाम नामेसी बिवरण तयार गरेको छैन । अतः कार्यालयको बांकी धरौटीसंग नाम नामेसी भिडान गर्न सकिएन । नाम नामेसी बिबरण तयार गर्नुपर्दछ । | |
| ११०. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यवस्था भएको छ । नेपाल सरकारको ०७४।८।३को निर्णयबाट स्वीकृत भएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) ०७५ पौष देखि प्रयोगमा ल्याएको भएतापनि सडक बोर्ड तर्फको खर्च रु.१,४६,२४,२५७ लेखांकन नै भएको छैन । उक्त प्रणालीमा मेल खाने गरि नेपाल सरकारको स्विकृत ढांचामा शिर्षकगत बजेट पारित नभएको,छ महिना भन्दा बढि मेनुयलमा नै लेखा प्रणाली कायम रहेको,पेश्की पाएको भन्दा फर्छिएको बढि देखाएको छ । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन ।यसर्थ प्रस्तुत आय व्यय विवरणले यथार्थ चित्रण नगर्ने र सभाले स्वीकृत गरेको शिर्षकगत बजेट खर्चको सिमा नाघेको यकिन गर्ने अवस्था छैन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१११.</td><td>बार्षिक आर्थिक कारोवार ,प्रतिवेदन:आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ९० बमोजिम आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र सरकारी कोषको आय व्ययको आर्थिक विवरण र आर्थिक कारोवारको हकमा २१ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेमा लेखापरीक्षण अवधिसम्म पनि तयार गरि सो अनुरुप गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>११२.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई बहुवर्षिय रुपमा काम गराउने व्यवस्था नभएपनि आ.व.को अन्तमा फछर्योट नहुने गरि पेश्की दिएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ । प्राप्त विवरण अनुसार रु.१२७८९५५५/- पेश्की फछ्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु..............................
<table>
<tr><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td></td><td><u>स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम</u></td><td></td></tr>
<tr><td>२०७६.३.३०</td><td>कोटही मन्दिर निर्माण तथा व्यवस्थापन उपभोक्ता समिति</td><td>१६१६६६६</td></tr>
<tr><td></td><td><u>राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम</u></td><td></td></tr>
<tr><td>२०७६.३-३१</td><td>सर्जु नदि तटबन्ध उपभोक्ता समिति खण्ड २ चार्ट २</td><td>२३५९९९०</td></tr>
<tr><td>२०७६.३.३१</td><td>.सर्जु नदि तटबन्धन कार्य उपभोक्ता समिति</td><td>३१७०८२०</td></tr>
<tr><td></td><td><u>झोलुंगे पुल कार्यक्रम</u></td><td></td></tr>
<tr><td>२०७६.३.३१</td><td>रामघाट मल्टी स्पान ट्रसब्रिज निर्माण उपभोक्ता समिति</td><td>२९७३१७९</td></tr>
<tr><td>२०७६.३.३१</td><td>आधारभुत स्वास्थ्य केन्द्र,उपभोक्ता समिति,गुलरिया ११</td><td>५०४०००</td></tr>
<tr><td>२०७६.३.३१</td><td>आधारभुत स्वास्थ्य चौकी,उपभोक्ता समिति,गुलरिया ३</td><td>५०४०००</td></tr>
<tr><td>२०७६.३.३१</td><td>स्वास्थ्य भवन निर्माण ,उपभोक्ता समिति,गुलरिया, ६</td><td>३३०९००</td></tr>
<tr><td>२०७६.३.३१</td><td>स्वास्थ्य भवन निर्माण ,उपभोक्ता समिति,गुलरिया, ७</td><td>५०४०००</td></tr>
<tr><td>२०७६.३.३१</td><td>स्वास्थ्य भवन निर्माण ,उपभोक्ता समिति,गुलरिया, ९</td><td>७९१०००</td></tr>
<tr><td>२०७५.११.२८</td><td>का.स.बिमला गुरुङ्ग</td><td>३५०००</td></tr>
<tr><td colspan="2" align="right">जम्मा</td><td>१२७८९५५५</td></tr>
</table></td><td>१२७८९५५५/-</td></tr>
<tr><td>११३.</td><td>आन्तरिक लेखापरीक्षण: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरीक लेखा परीक्षण समयमा सम्पन्न गर्नुपर्नेमा आन्तरीक लेखा परीक्षण शाखाले २०७६।७।१४मा सम्पन्न गरेको छ । आन्तरीक लेखापरीक्षण गर्दा आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ९६(२) बमोजिम वित्तिय प्रतिवेदनले सही र यथार्थ चित्रण प्रस्तुत गरेको औंल्याउनु पर्ने उल्लेख भएकोमा केही व्यहोरा प्रतिवेदनमा छैन । संघिय र प्रदेश सरकार तर्फ ९ शिर्षकको कारोवारको कोष तथा लेखा नियन्त्रक कार्यालय,बर्दियाबाट २०७६।५।१५मा आन्तरीक लेखापरीक्षण सम्पन्न</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको देखियो । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा भएको देखिएन । आन्तरीक लेखापरीक्षणबाट औल्याएका देहायका व्यहोरा असुल फछ्र्योट हुनुपर्ने रु. | २६७८२९९.२७ |

| दफा | व्यहोरा | रकम |
|---|---|---|
| १ | भौ.न.८९(कृषि तर्फ)महन्थी यादवलाई बिल भरपाई भन्दा बढि भुक्तानी रु. | २६३ |
| २ | भौ.न.९५(कृषि तर्फ)महादेव शाहलाई बिल भरपाई भन्दा बढि भुक्तानी रु. | ८५० |
| ३ | भौ.न.३३(शिक्षा तर्फ )लोटस गार्डेन रिसोर्टको भुक्तानीमा कर कटटी नगरेको रु. | ५८ |
| ४ | भौ.न.२६६(संघिय चालुतर्फ) विभीन्न २ फर्मको भुक्तानीमा कर कटटी नगरेको रु. | ४६२.७५ |
| ५ | भौ.न.१७,(न.पा.पुजिगततर्फ) भुक्तानी दिन बांकीको कच्चाबारी बेगर रु.३०६०००भत्ता वितरण गरेको । | |
| ६ | भौ.न.३०८,(न.पा.पुजिगततर्फ) विभिन्न सडकको डि.पि.आर तयार गर्न सम्झौता नेक्स कन्सलट प्रा.लि. र सि.वान.एजि.कन्सलटेन्सी जे.भी.संग भएकोमा भुक्तानी सि.ई.वान कन्सलटेन्सी एण्ड लक्ष्मी कन्शटक्र्शनलाई भएकाले अनियमित देखिएको रु. | १९९६७१४ |
| ७ | गो.भौ.न.८९४,भेरी अर्डर एण्ड सप्लायर्सको खरिद आदेश र दाखिला प्रतिवेदन नभएको रु. | ६८३८७.६० |
| ८ | गो.भौ.न.२३,स्विकृत भ्रमण आदेशबेगर ई.विजय कुमार शाहलाई भ्रमण खर्च भुक्तानी रु. | २३००० |
| ९,१० | गो.भौ.न.८५१ र ८६९,न्यु बर्दिया इन्फोसिसले इलेक्ट्रोनोक्सि बिक्रीको कारोवार गर्ने गरि दर्ता भएकोमा निजलाई तालिम दिने इजाजत बेगर कम्पयुटर तालिमको कार्य गराई भुक्तानी गरेको रु. | २००००० |
| | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| २ | डि.पि.आर बेगर कोटही मन्दिर धर्मशाला निर्माणमा बजेट विनियोजन गरी सो कार्य गर्न सम्झौता इन्फ्रास्टकचर डेभलपमेन्ट ईन्जिनियरिंगसंग भएकोमा बिल भरपाई नपुग भएकोले असुल हुनुपर्ने रु. | १०९० |
| | **राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम** | |
| १ | सर्जु नदि तटबन्ध उपभोक्ता समितिले माटो ढुवानीमा अग्रिम कर कम कटटा गरेकोले नपुग कर असुल हुनुपर्ने रु. | २७००० |
| १ | विजय कन्शट्रक्शन,संगम कन्शट्रक्शन,शिव कुमार श्रेष्ठको भुक्तानीमा १.५प्रतिशत कर कटटा नगरेको रु. | १३४२९ |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| १ | मु.अ.करमा दर्ता नभएको ५ टुके बिलबाट प्रचलित खरिदविधिको पालना नगरी रु.९९७९०को बिल न.३६७३ र ८५८१बाट खरिद भएको सामानको दाखिला प्रतिवेदन बेगर भुक्तानी भएकोले अनियमित रु. | ३९८९६ |
| | **झोलुङ्गे पुल कार्यक्रम** | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | सम्झौतानुसार नगरपालिकाले व्यहोर्नुपर्ने रकम यस कार्यक्रमबाट खर्च गरेकाले राजश्व खातामा दाखिला हुनुपर्ने रु. | ३०७१४८.९२ |
| | जम्मा | २६७८२९९.२७ |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११४. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । उक्त ऐनको दफा ७३(७)मा कार्यपालिकाले सभाबाट स्विकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नगरसभाको निर्णय न.६१मा जुन जुन कार्यका लागी वडा र नगरपालिकामा रकम छुट्टाएकोमा काम पुरा हुन नसकी वा काम पुरा भएर पनि बचत भएको रकम सोही वडा र नगरपालिकाको पुर्वाधार विकासमा खर्च गर्ने उल्लेख गरेकोमा देहायका १२ वडाका कियाकलापमा रु.१२२५६४५३।८७ र नगरपालिकामा रु.२४०२६४२७/– भैपरी आउने पुर्वाधार समेत चालु प्रकृतिका आर्थिक साहयता लगायत शिर्षकमा खर्च गरेको देखियो । यस तर्फ नियन्त्रण गर्नु पर्दछ । | |
| ११५. | **बजेट बाँडफाँड:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस बर्ष देहायनुसार स्विकृत कार्यकमबाट नया कार्यकममा २०७५।१२।५को नगरसभाको निर्णय न.१६ ले बजेट बांडफाड गरि खर्च गरेको अनियमित देखिएको छ । विना कारण स्विकृत योजना हटाई अर्को योजनामा रकम सार्ने,विनियोजित रकम थपघट गर्ने,कुनै रकमलाई एकमुष्ठ विनियोजन गरि टुकाउने कार्य नियन्त्रण गर्नु पर्दछ । | |

| शुरु कार्यकम | शंसोधित कार्यकम | शंसोधित बजेट |
|---|---|---|
| विचपटि पार्वतीटोल सडक ग्राभेल | वडामा खेलकुद कार्यकम | २०००० |
| ,, | जिल्ला कववडी कार्यकम | ५०००० |
| ,, | स्थानीय किल्निक सहयोग | ३०००० |
| वडास्तरीय योजना अनुगमन | वडामा बुलेटिन प्रकाशन | ३०००० |
| ,, | स्थानीय संचारकर्मीलाई विकास निर्माणका गतिविधी अवलोकन | ५०००० |
| जिल्ला फुटवल संघलाई सहयोग | माघि महोत्सव | २०००० |
| ,, | युथ कल्व | ३०००० |
| बजारको मुख्यचोकमा सिसिटिभी जडान | भैपरी र विविध कार्यकम खर्च | ५००००० |
| ,, | जिल्ला प्रहरी कार्यालयको गेट र कम्पाउण्डवाल निर्माण | ५००००० |
| उत्तरटेपी जाने र दक्षिण रजनवा जाने बाटो मोडमा प्रतिक्षालय निर्माण वडा न.९ | ग्यास सिलिण्डर वितरण | ५००००० |
| ,, | वाईफाई नेट सुविधा | २००००० |
| गत बर्षको बचत रकम वडा न.९ | वडा न.२ गौशाला पराल खरिद | १००००० |
| विपद व्यवस्थापन कोष वडा न.१० | पोल तार खरिद | ३००००० |

| दफा नं | भौ नं मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | राजेश बस्यालको घरदेखि बसपार्क जोडने बाटो वडा न.७ | ,, | २००००० | |
| | चौगुजा गाउँ लक्ष्मीराम पासीको घरदेखि बाबु गोडियाको घरसम्म माटो पटान तथा ग्राभेल | मर्मत तथा भैपरी | १५०००० | |
| | बगलामुखि मन्दिरसम्म टायल बिछयाउने वडा न.७ | ,, | १५०००० | |
| | जम्मा | | २८३०००० | |

अनुसूची– १

# गुलरिया नगरपालिका
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | बर्दिया | गुलरिया नगरपालिका | ७६०६९ | १८७१६४ | ५४७७१९ | ३८७१२ | ७७३५९५ | ४६७९७३ | २५१६९१ | २९५२२ | ७४९१८६ | १००४७८ |

अनुसूची- २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बर्दिया | गुलरिया नगरपालिका | ५५ | ६४ | ८६७८८ | ० | ० | ० | ५५ | ६४ | ८६७८८ | ६०७८ | ३३०१५ | ३४९०५ | ० | ० | ६७९२० | ० | १२७९० | १२७९० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बर्दिया | गुलरिया नगरपालिका | ११४२६० | ० | ११४२६० | ० | ८५०३३ | १९९२९३ |